- ज्येष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।
- ज्येष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
- ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं । सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ फागुन ०६ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 February 18 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७४

## रु ३ हजारको विद्युत् मिटरलाई १२ हजार लिइँदै

नितेश कर्ण, वीरगंज, ५ फागुन/

नेपाल विद्युत् प्राधिकरण, वीरगंज वितरण केन्द्रमा मिटर अभावको विषयलाई लिएर कर्मचारीहरूले अनियमितता गरिरहेका छन् ।



तस्वीरः प्रतीक

विगत केही महीनादेखि वितरण केन्द्रमा मिटरको अभाव छ। यसैको फाइदा उठाएर कर्मचारीहरूले बढी रकम दिनेहरूलाई मिटर दिने र तोकिएको मिटरको शुल्क तिरेर लिन खोज्नेहरूलाई अलमल्याउँदै आएका छन् । केन्द्रमा अहिले चार हजार पाँच सय नयाँ मिटरको माग छ। केन्द्रले यसका लागि टेन्डर आह्वान गरेको र सबै प्रक्रिया पूरा भएर मिटर वितरणको लागि तीन महीना अझै समय लाग्ने केन्द्रका कर्मचारी सीताराम साहले बताए । तर यसको फाइदा उठाएर कर्मचारीहरूले सेवाग्राहीसँग लूट मचाएका छन् ।

प्रतिमिटर रु ३ हजार शुल्क लाग्ने भएपनि अहिले रु १२ हजार लिएर मिटर जडान कार्य भइरहेको छ । १२ हजार दिनेलाई सहजरूपमा मिटर जडान भइरहेको स्रोतले जनाएको छ। नौ हजार कर्मचारीहरूले राख्ने र तीन हजार राजस्व दाखिला गरेर अहिले विद्युत् प्राधिकरणमा मिटरको नाममा लूट मचाइएको छ ।

एकजना सेवाग्राहीले परल शुल्कमा मिटर जडान गराउनको लागि तीन महीनादेखि विद्युत् प्राधिकरण धाउँदै आएको बताए। उनले आफूसँग नौ हजार अतिरिक्त रकम माग गरेको र सो नदिंदा तीन महीनादेखि मिटर उपलब्ध नगराइएको बताए। मिटरको मूल्यभन्दा नौ हजार बढी दिनेलाई मिटर उपलब्ध हुँदै आएको उनले आरोप लगाएका छन् ।

## महानगरद्वारा मेडिकल फोहर सङ्कलन शुरू

प्रस, वीरगंज, ५ फागुन/

वीरगंज महानगरपालिकाले बिहीवारदेखि मेडिकल फोहर सङ्कलन शुरू गरेको छ ।

वीरगंज महानगर–१६ नगवामा अस्पतालबाट निस्किने फोहरको व्यवस्थापन केन्द्र सञ्चालनमा आएपछि मेडिकल फोहर सङ्कलन शुरू गरेको हो। नगरप्रमुख विजयकुमार सरावगीले केही दिनअघि सो केन्द्रको उद्घाटन गरेका थिए र आजबाट अस्पतालहरूबाट निस्किने मेडिकल फोहरको सङ्कलन शुरू भएको वीरगंज महानगरपालिकाले जनाएको छ ।

अस्पताल, नर्सिङहोम तथा विभिन्न प्रयोगशाला, स्वास्थ्य केन्द्रहरूबाट निस्किने मेडिकल फोहर सङ्कलन गरिने र प्रशिक्षित प्राविधिकहरूको सक्रियतामा सोको विसर्जन गरिने महानगरले बताएको छ। महानगरपालिकाले मेडिकल फोहर विसर्जनको लागि नगवामा आधुनिक


अस्पतालबाट मेडिकल फोहर सङ्कलन गरिंदै । तस्वीरः प्रतीक

मेशिन जडान गरेको छ। अस्पतालबाट निस्किने फोहरहरू यसअघि अन्य फोहरसरह एकैसाथ विसर्जन गरिन्थ्यो, जसले गर्दा स्वास्थ्यमा समस्या हुने गरेको बताइएको छ । मेडिकल फोहर छुट्टै विसर्जन गर्नुपर्ने विषयमा महानगरपालिकाले फोहर व्यवस्थापन

(बाँकी अन्तिम पातामा)

## सुरक्षा समितिद्वारा मतदान केन्द्रको निरीक्षण

प्रस, ठोरी, ५ फागुन/


तस्वीरः प्रतीक

स्थानीय तहको निर्वाचन घोषणासँगै पर्सा जिल्लामा रहेको सुरक्षा समितिले मतदान केन्द्रहरूको स्थलगत अवलोकन शुरू गरेको छ ।

यसै क्रममा जिल्ला सुरक्षा समिति, पर्साका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालको नेतृत्वमा बिहीवार ठोरी गाउँपालिकामा रहेका विभिन्न मतदान केन्द्रहरूको अवलोकन गरिएको थियो ।

टोलीले ठोरी गापा–१ मा रहेको दीपकनगर प्रावि मतदान केन्द्र, वडा नं २ स्थित सरस्वती मावि मतदान केन्द्र, वडा नं ३ मा रहेको नेरामावि ओडार केन्द्र, वडा नं ४ स्थित ज्ञानज्योति मावि घ्याङडाँडा र वडा नं ५ को विजयबस्ती तथा ठोरीको ज्ञानवाटिका मावि र क्षत्रीलाइन मतदान केन्द्रहरूको अवलोकन गरेको इलाका प्रहरी कार्यालय, ठोरीका प्रहरी निरीक्षक ब्रह्मदेव साहले बताए।

टोलीले मतदान केन्द्रको भौतिक अवस्था, सुरक्षा स्थितिलगायतका विषयमा जानकारी लिएको प्रनि साहले बताए। टोलीमा प्रहरी उपरीक्षक रमेश बस्नेत, सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेल, वीरगंज ब्यारेकका प्रमुख सेनानी मनोज कार्कीलगायत सहभागी थिए ।

## जन्तेको मृत्यु, ११ जना पक्राउ

प्रस, वीरगंज, ५ फागुन/

जन्तीमा आएका एकजना भारतीय नागरिकको गएराति मृत्यु भएपछि प्रहरीले ११ जनालाई पक्राउ गरेको छ।

कालिकामाई गाउँपालिका–१ तीनडोबिया निवासी कमल पटेलको छोरीको बिहेमा भारत, बेतियाको शिवपुरी सतवरियाबाट जन्ती आएको थियो । अत्यधिक मदिरासेवनबाट शिवपुरी सतवरिया निवासी वकील पटेलको मृत्यु भएको प्रहरीले जनाएको छ।

सोही घटनामा संलग्न रहेको आशङ्कामा प्रहरी चौकी भिस्वाले भारत, बेतियाको शिवपुरी सतवरिया निवासी कन्हैया पटेल, ओमप्रकाश साह, सिकेन्द्र पटेल, सोनकुमार पटेल, विनय पटेल, पिन्टु पटेल, अर्जुन पटेल, इन्द्रजीत पटेल, निपु पटेल, सिटु पटेल र राहुल पटेललाई पक्राउ गरी कारबाईको लागि इलाका प्रहरी कार्यालय, पोखरियाको जिम्मा लगाएको छ।

जन्तीमा अत्यधिक मदिरासेवन गरी नाचगान गर्ने क्रममा वकील बेहोश भएका थिए। सोही क्रममा उनको मृत्यु भएको प्रहरीको अनुमान छ । शव शल्यपरीक्षणको लागि नारायणी अस्पतालमा पठाइएको प्रहरीले जनाएको छ। अचेत पटेलको सोही ठाउँमा मृत्यु

(बाँकी अन्तिम पातामा)



## विचारसार र सूक्तिहरू

दुष्टको विद्या विवादका लागि, धन मदका लागि र शक्ति अरूलाई सताउनका लागि हुन्छ । यसविपरीत सज्जनको विद्या ज्ञानका लागि, धन अरूलाई दिनका लागि तथा बल निर्बलहरूको रक्षाका लागि हुन्छ ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com

# अलमल्याउँदै एमाले

वर्तमान अवस्थामा प्राविधिकरूपले मुलुकको सबैभन्दा ठूलो पार्टी नेकपा एमाले हो । जसमाथि नागरिकले ठूलो आस, विश्वास र भरोसा गरेको छ । उसले राष्ट्रलाई सही मार्ग निर्दिष्ट गर्ने र निकास दिने सवालमा अगुवाइ गर्नुपर्ने हो, तर सो पार्टीको चरित्र राष्ट्रिय महत्त्व एवं नागरिक सरोकारका मुद्दाहरूमा अस्पष्ट र दोधारे एवं नागरिकलाई अलमल्याउने किसिमको देखा परिरहेको छ । नेकपा विभाजन तथा एमाले चोइटिनुभन्दा पहिलेको अवस्थामा दलभित्रकै गुटको खिंचातानीले समस्या आएको हो कि भन्ने नागरिकको आशङ्का थियो । तर नेकपाको पतनलगत्तै एमालेबाट माधव पक्षको बहिर्गमनपछि एमाले मूल पार्टीमा झन् अलमल र दुई डुङ्गामा खुट्टा राख्ने प्रवृत्ति हावी हुँदै गएको छ । संसद् अवरोधको सवाल, त्यसैगरी एमसिसी र प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराको सवालमा एमालेको गतिविधिले मुलुकलाई अलमल्याउने र अनिर्णयको बन्दी बनाउने काम भइरहेको छ ।

पार्टी ह्वीप उल्लङ्घन प्रकरणमा एमालेले निष्कासन गरेका १४ जना सांसदलाई सभामुख अग्निप्रसाद सापकोटाले पदमुक्त गरेनन् । सभामुखको सो निर्णयविरुद्ध एमाले अदालत गयो । सो मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेकै अवस्थामा एमालेले २३ भदौ अर्थात् बितेको छ महीनादेखि सङ्घीय संसद्को छलफलमा भाग नलिई नाराबाजी गरिरहेको छ । मतदाताले पाँच वर्षका लागि चुनेर पठाएको हो । महत्त्वपूर्ण निर्णय वा काम गर्न कुनै बेला छ मिनेट समय पनि धेरै मूल्यवान हुन्छ । लोकतान्त्रिक प्रणालीमा सत्तापक्ष र प्रमुख प्रतिपक्षको भूमिका यसै पनि महत्त्वपूर्ण हुने हुँदा उनीहरूले पूरा गर्नुपर्ने नागरिक जिम्मेवारीहरू धेरै छन् । हिजो सत्तापक्षमा रहेको एमाले छ महीनादेखि प्रमुख प्रतिपक्षको जिम्मेवारीमा छ । यस अवधिमा प्रमुख प्रतिपक्षको भूमिका नाराबाजीमा मात्रै सीमित देखियो । उसले संसद्मा प्रस्तुत हुने कुनै विधेयक वा नीति निर्माणमा भाग लिएकै छैन । सत्तापक्षले प्रस्तुत भएका विधेयक संशोधनविना हूबहू पारित गरिरहेको छ । सदन चल्न दिने तर छलफलमा भाग नलिने, अदालतमा मुद्दा दिने तर अदालतको आदेश नपर्खने । एमालेको यो तरीकाले सरकार सञ्चालन पक्षलाई झन् फाइदा पुगिरहेको छ भने नागरिकका मुद्दाहरू ओझेलमा परेका छन् ।

अर्कोतर्फ एमसिसीबारे मुलुकमा यति ठूलो बहस, समर्थन र विरोध भइरहँदा एमालेले कुनै निर्णय दिएको छैन । एमसिसी पार्टीगत वा गुटगत रिसइबी साध्नेभन्दा पनि नागरिक चासो र मुलुकको भविष्यसँग जोडिएको मुद्दा हो । यसमा अलमल नगरी समयमा नै आफ्नो लाइन स्पष्ट पार्नु उसको नैतिक जिम्मेवारी थियो । त्यसैगरी हिजो सत्ताबाट खस्दा 'प्रधानन्यायाधीश जबरा गलत हुन्, उनको नेतृत्वमा भएको फैसलासमेत गलत' भन्दै एमालेले आफ्ना नेता, कार्यकर्तालाई सडकमा उतार्‍यो । आज उनै प्रधानन्यायाधीश जबरालाई बचाउन फेरि कम्मर कसेर लागेको छ । आफ्नो पक्षको बचाउ गर्न पार्टीका नेताहरूले जे पनि जवाफ दिन सक्छन् । तर जवाफ जवाफका लागि मात्र नभएर तर्कसङ्गत र नागरिकले पत्याउने खालको हुनुपर्छ । च्याँखे दाउ थाप्ने झिनामसिना पार्टीजस्तो अहिले एमालेको गतिविधि छ । निर्वाचनको पूर्व सन्ध्यामा जनतालाई विश्वास दिलाउने किसिमको काम गर्नु साटो देश र जनतालाई अलमलाउने कार्यले पार्टीलाई भोलि कस्तो असर पर्ला समीक्षा गर्ने बेला आइसकेको छ ।

# संसदीय प्रणालीलाई कमजोर बनाउने प्रयास

स्वतन्त्र विचार



**श्रीमन्नारायण**
an_shriman@yahoo.com

**संसद्मा तथ्य, तर्क एवं यथार्थपरक विश्लेषण गर्न सक्नेहरू, आफ्नो सुझाव र सल्लाह दिन सक्नेहरू मौका नपाई चियापसलमा गफ गर्न बाध्य छन् । जबकि ठेकेदारी र व्यापारमा लागेकाहरूले संसद्को शोभा बढाइरहेका छन् । कुरा गर्नमा हाम्रा नेताहरू खप्पिस छन् ।**

संसदीय लोकतान्त्रिक व्यवस्थामा संसद्को स्थान सर्वोपरि हुन्छ । संसद्को सुचारु, मर्यादित, सन्तुलित एवं सुव्यवस्थित सञ्चालनमा सभामुख अथवा अध्यक्षको भूमिका सर्वोपरि एवं महत्त्वपूर्ण हुन्छ । सभामुखको पदमा निर्वाचित भइसकेपछि आसनको मर्यादा एवं सम्मानलाई ध्यानमा राखी यसको पवित्रतालाई कायम गर्नु पर्ने महन्ती चुनौती पनि सभामुखकै काँधमा हुने गर्दछ । निष्पक्षता एवं तटस्थता भएन भने सभामुखको गरिमा धूमिल हुन समय लाग्दैन । दलीय भागबन्डाका कारण नेपालका राजनीतिक दलहरूले संसद्को गरिमामा ठेस पुर्‍याउने काम गर्दै आएका छन् । वामपन्थीदलहरू त सैद्धान्तिकरूपमैं संसदीय व्यवस्थाका विरोधी मानिन्छन् तर नेपाली काङ्ग्रेस जस्तो देशको सबैभन्दा ठूलो एवं पुरानो लोकतान्त्रिक पार्टीले पनि यसको समुचित सम्मान गर्न सकेको छैन । जनआन्दोलन-२ को सफलतापश्चात् संविधानसभा र संसद्को भूमिका बोधार्थ कार्यालयमा परिणत भएको छ । कथित आम सहमति कायम गर्ने नाममा नेताहरूको निवास, पार्टी कार्यालय, होटेल तथा प्रधानमन्त्री निवासमा नै अधिकांश महत्त्वपूर्ण निर्णय भएका छन् । यसले स्पष्टतः संसदीय व्यवस्थाको प्रभाव र महत्त्वलाई कमजोर बनाउने काम गरेको छ । अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) संसद्बाट अनुमोदन गर्ने विषय जब-जब उत्कर्षमा पुग्छ, तब-तब प्रतिनिधिसभाका सभामुखको भूमिकासमेत चर्चामा आउने गर्छ । सभामुखको प्रस्तुति आफू सम्बद्ध राजनीतिक दलका वफादार कार्यकर्ताको रूपमा हुनु दुर्भाग्यपूर्ण हो ।

वर्तमान सभामुख अग्निप्रसाद सापकोटा मात्रै होइन, यसभन्दाअघिका सभामुख कृष्णबहादुर महराले समेत संसद्मा यससम्बन्धी प्रस्ताव ल्याउन नदिएको विषय पटकपटक उठेको छ । तत्कालीन प्रधानमन्त्री केपीशर्मा ओलीले महराका कारण प्रस्ताव संसद्मा नआएको बताउँदा धेरैमा रहेको द्विविधा अहिले आएर पक्कै मेटिएको हुनुपर्छ । अहिलेका सभामुख सापकोटाले प्रधानमन्त्री शेरबहादुर देउवालाई समेत विश्वासमा नलिई संसद् बैठक सारेको प्रसङ्ग सार्वजनिक भएपछि सभामुखको भूमिकालाई लिएर फेरि प्रश्न उठेको हो । नेपालका राजनीतिक दलहरूले आफ्नो अतृप्त प्रयोगलाई दोहोर्‍याउँदै आएका छन् । नेपाली काङ्ग्रेसले वामपन्थी दलहरूसितको सहकार्यका कारण तथा सत्ता सहभागिताका कारण आफ्नो लोकतान्त्रिक चरित्रसित पनि सम्झौता गर्दै आएको छ । वर्तमानको गठबन्धन सरकार जनादेशविपरीतको अपवित्र संरचना हो । नेपाली जनताले नेपाली काङ्ग्रेसलाई सत्तामा बस्न जनादेश दिएकै थिएन । यो मतादेश केपीशर्मा ओलीको नेतृत्व र वाम गठबन्धनलाई थियो । वाम गठबन्धनको असफलताबाट नेपाली काङ्ग्रेसले लाभ उठाउनुपर्दथ्यो तर नेकपा एमाले र नेकपा माओवादी केन्द्रको खस्किंदो जनाधारलाई टेको दिएर नेपाली काङ्ग्रेसले अदूरदर्शी पाइला चालेको छ ।

आगामी दिनमा पुनः देशको राजनीति दुई वामपन्थी गठबन्धनको वरिपरि केन्द्रित हुने सम्भावनालाई खारेज गर्न सकिंदैन । नेपाली काङ्ग्रेस सत्तामा अवश्य पनि छ तर यसका नेता एवं कार्यकर्ताहरूको अनुहारमा त्यस्तो उत्साह देखिंदैन, जुन उसको स्वाभाविक सत्ताका दौरान देखिन्थ्यो । नेपाली काङ्ग्रेसले विगतका दिनमा पनि एमालेका सुवास नेम्वाङलाई सभामुखको पदमा समर्थन गरेर तथा हाल नेकपा माओवादी केन्द्रका अग्निप्रसाद सापकोटालाई समर्थन गरेर ठूलो गलती गरेको छ । वामपन्थी दलहरू स्वभावतः नै संसदीय व्यवस्थाका विरोधी हुन्छन् । तसर्थ उसका नेता सभामुख पदमा विराजमान हुनुको अर्थ नै संसदीय व्यवस्थालाई अलोकप्रिय बनाउने काम गर्नु हो । नेपाली काङ्ग्रेसले सभामुखको पद कहिल्यै परित्याग गर्नुहुँदैनथ्यो । आफूसित बहुमत नभएको अवस्थामा त केही पनि गर्न सकिंदैन तर आफ्नो सहयोग एवं समर्थनबाट सभामुखको पदमा काबिज हुने अवस्था आएमा पार्टीले कहिल्यै यो अवसर अन्य दललाई दिनुहुँदैनथ्यो ।

पहिलो संविधानसभामा जतिबेला नेकपा माओवादी केन्द्रसित झन्डै ५१ प्रतिशत बहुमत थियो र नेकपा एमाले विभाजित भइसकेको थियो, त्यति बेला नेकपा माआवादी केन्द्र, अशोक राई नेतृत्वको पार्टी तथा मधेसी दलहरूको सङ्ख्यालाई जोड्दा दुई तिहाइ जति बहुमत हुन गएको थियो । उपरोक्त दलहरूले चाहेका भए उपेक्षित, मधेसी, जनजाति र दलितको हकमा संविधान पनि बनाउन सक्थे । त्यति बेला नेपाली काङ्ग्रेस तथा नेकपा एमाले अल्पसङ्ख्याका कारण सम्झौतामुखी बन्न बाध्य थिए तर तत्कालीन सभामुख सुवासचन्द्र नेम्वाङको असहयोगका कारण संविधानसभाको बैठक सुचारु हुन सकिरहेको थिएन । रिसमा आएर तत्कालीन प्रधानमन्त्री डा बाबुराम भट्टराई नेतृत्वको माओवादी र मधेसवादी गठबन्धन सरकारले पहिलो संविधानसभालाई विघटन गरेको थियो । जबकि त्यस संविधानसभाको आयु नै थिएन अर्थात भीष्म पितामहको जस्तो स्वयम् उसको आफ्नो इच्छामा निर्भर थियो । संविधान निर्माण नहुन्जेलसम्म त्यसको आयु थियो तर भनिन्छ- "अभागीलाई खानेबेलामा नै रिस उठ्छ ।" बहुमतको त्यस सरकारले विनाकारण पहिलो संविधानसभालाई विघटन गर्न पुग्यो र क्रमशः पतनको शिकार हुँदै आज पहिचानको खोजीमा भौंतारिइरहेको अवस्था छ । त्यस सरकारको नेतृत्वकर्ता डा बाबुराम भट्टराई पनि अहिले आफ्नो निजी पार्टीमा छैनन् भन्ने थरीथरीका तमलोपा, थरीथरीका सद्भावना र थरीथरीका फोरम अहिले अस्तित्वमा पनि छैनन् । तमलोपा, सद्भावना र फोरमका नाम अब मधेसको राजनीतिबाट विलीन भएका छन् । तत्कालीन सभामुख सुवासचन्द्र नेम्वाङको भूमिका विशुद्धरूपमा दलीय मानसिकताबाट ग्रसित र पूर्वाग्रही थियो । अन्तरिम व्यवस्थापिका-संसद्मा उनको भूमिका प्रशंसनीय थियो तर संविधानसभाका अध्यक्षको रूपमा उनले संसदीय व्यवस्थालाई बलियो बनाउने काम गरेनन् । संसदमा बहस, छलफल र चिन्तन सीमित एवं सङ्कुचित हुँदै गयो ।

एमसिसी नेपालका वामपन्थी दलहरूको निम्ति राजनीतिक एजेन्डा हुन सक्छ तर यो हाम्रो देशको निम्ति आवश्यकता हो । नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओली आफ्नो अडानमा दृढ छन् र उनको पार्टीले एमसिसीप्रति सकारात्मक धारणा राखेको छ । सधैं दोहोरो अर्थ लाग्ने शब्दको प्रयोग गर्नमा र दोहोरो भूमिकाको निर्वाह गर्नमा नेपालको राजनीतिमा एउटै नेताले ख्याति हासिल गरेका छ्न र ती हुन्- नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल । उनले कहिल्यै एमसिसीको खुलेर न त समर्थन गरे, न त विरोध नै । तत्कालीन अमेरिकी राजदूत नेकपा एमाले पार्टी कार्यालयमा भ्रमण गर्न आउँदा पार्टी कार्यालयमा झुन्ड्याइएको मार्क्स र लेनिनका तस्वीरलाई त्यहाँबाट हटाउने कार्य उनी महासचिव भएको बेला नै भएको थियो । अहिले आएर नेकपा माओवादी केन्द्रका अध्यक्षले एमसिसी प्रमुखलाई लेखेको पत्र सार्वजनिक भएपछि एमसिसी विरोधको नारालाई माधवकुमार नेपालको पार्टीले 'हाइज्याक' गर्न खोजिरहेको छ । विगत तीन दशकसम्म नेपाली राजनीतिमा शीर्ष भूमिको निर्वाह गर्दै आएकाहरूले यदि आज पनि देशमा समस्या नै समस्या देखिरहेका छन् भने यस्ता नेताहरूले राजनीतिबाट विश्राम लिई नयाँ पुस्तालाई देश निर्माण गर्न अवसर प्रदान गर्नुपर्दछ । देशमा गरीबी बढेकै छ, बेरोजगारी बढेकै छ, अर्थतन्त्र दयनीय अवस्थामा छ, र पनि आर्थिक अनुदानभन्दा ऋणलाई नै देश हितमा ठान्ने काम भइरहेको छ । नेपालका राजनीतिक दलहरू सधैं नै भ्रमित अवस्थामा रहँदै आएका छन् र आफ्नो अयोग्यता, भ्रम, अहङ्कार तथा हठीपनलाई कार्यकर्ताहरूमाझ पनि पस्किंदै आएका छन् । कार्यकर्ताहरू जनतामाझ पनि यही कुरा पस्किरहेका छन् ।

हाम्रो राजनीतिक प्रणालीमा संसद्को भूमिका व्यापक छ । कुनै पनि विषयमा संसद्मा छलफल गरेर निष्कर्षमा पुग्न यो आवश्यक छ । विशेषगरी जीवनका महत्त्वपूर्ण विषयमा संसद्मा छलफल हुन छोडेको आधा दशकभन्दा बढी भइसकेको छ । राजनीतिमा जातिवाद एवं पारिवारवाद हाबी भएका कारण योग्यता, क्षमता, अनुभव एवं प्रतिभा भएकाहरूको राजनीतिक हत्या भइरहेको छ । संसद्मा तथ्य, तर्क एवं यथार्थपरक विश्लेषण गर्न सक्नेहरू, आफ्नो सुझाव र सल्लाह दिन सक्नेहरू मौका नपाई चियापसलमा गफ गर्न बाध्य छन् । जबकि ठेकेदारी र व्यापारमा लागेकाहरूले संसद्को शोभा बढाइरहेका छन् । कुरा गर्नमा हाम्रा नेताहरू खप्पिस छन् । उदाहरण दिने बेलामा अमेरिका, बेलायत, स्वीट्जरल्यान्ड, जर्मनी, जापान, भारतलगायत देशका कुरा गर्छन् तर व्यवहार भनेको पिछडिएका अफ्रिकी र सोभियत सङ्घबाट टुक्रिएर बनेका देशहरूका नेताको जस्तो छ ।

एउटा खास छिमेकीको इशारामा जसरी एमसिसीलाई रोक्ने काम भइरहेको छ, नेपालका कतिपय वामपन्थी दलका नेताहरू जसरी त्यस छिमेकीको अन्धभक्त बनेका छन्, त्यसले अन्ततः नेपाललाई विश्व समुदायबाट एक्ल्याउनेछ । सभामुखमाथि अविश्वास प्रस्ताव ल्याउने तयारी गर्नुभन्दा उनीमाथि विश्वास नै किन गर्ने काम भयो ? यसको समीक्षा पनि आवश्यक छ । सभामुखले स्वेच्छाले नै राजीनामा गरी संसद् सुचारु गर्न मार्ग प्रशस्त गर्नुपर्छ । संसदीय व्यवस्थालाई कमजोर बनाउने काम हुनुहुँदैन ।

# निर्वाचनका लागि दल दर्ता गर्न आह्वान

काठमाडौं, ५ फागुन/रासस

निर्वाचन आयोगले आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा भाग लिन चाहने राजनीतिक दललाई ११ दिनको समय दिएर दल दर्ताका लागि निवेदन आह्वान गरेको छ ।

स्थानीय तह निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता गर्न आयोगले बिहीवारदेखि फागुन १५ गतेसम्मको समयावधि तोकेर सूचना प्रकाशित गरी दल दर्ता गर्न आह्वान गरेको हो । सोही अवधिभित्र राजनीतिक दलका तर्फबाट औपचारिकपत्र प्रदान गर्ने पदाधिकारीको दस्तखत नमूना पठाउन पनि भनिएको छ । ती दुवै कार्यका लागि आयोगको राजनीतिक दल व्यवस्थापन शाखाबाट सहजीकरण हुनेछ ।

नेपालको संविधान र राजनीतिक दलसम्बन्धी ऐन अनुसार आयोगमा दर्ता भएका कुनै पनि दलले तोकिएको निर्वाचनमा भाग लिन दल दर्ता गराउनुपर्छ ।

**पेश गर्नुपर्ने कागजात र विवरण**

दल दर्ताका लागि निवेदन दिंदा दलको विधान, घोषणापत्र, नियमावली, झन्डा र चिह्नको नमूना, कम्तीमा २१ सदस्य केन्द्रीय समितिको व्यवस्था तथा अघिल्लो वर्षको लेखापरीक्षण प्रतिवेदनलगायत कागजात तथा विवरण पेश गर्नुपर्नेछ ।

विधान र नियमावली लोकतान्त्रिक, पाँच वर्षमा एकपटक सङ्घीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन भएको तथा विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिनिधित्वको व्यवस्था भएको हुनुपर्नेजस्ता शर्तसहितका कागजातसमेत दर्ताका अवसरमा पेश गर्नुपर्नेछ ।

राजनीतिक दलको विधानमा दलको नाम, झन्डा, छाप, चिह्न, कार्यालयको ठेगाना, सङ्गठनात्मक संरचना, सदस्यता प्राप्त र गुम्ने अवस्था, केन्द्रीय, प्रदेश र स्थानीय तहको विवरण, महाधिवेशनसम्बन्धी व्यवस्था, बैठक बोलाउने र निर्णय गर्ने कार्यविधि लगायतका व्यवस्था उल्लेख हुनुपर्ने व्यवस्था छ ।

दलको कोष, आर्थिक व्यवस्थापन र त्यसका जिम्मेवार पदाधिकारी, उम्मेदवार मनोनयन कार्यविधि, अनुशासन कारबाई र पुनरावेदन सुन्ने संयन्त्र, लेखापरीक्षण, नीति तथा कार्यक्रम निर्माणमा सदस्य तथा तल्ला निकायको सहभागिता, विधान संशोधन, विघटन, नियमावली बनाउने अधिकार, सदस्यता र नवीकरण शुल्कलगायत विषय विधानमैं उल्लेख हुनुपर्नेछ । आयोगमा हाल करीब ११९ दल दर्ता कायम छन् । विसं २०७४ को निर्वाचनमा भाग लिएका दलमध्ये स्थानीय तहमा तत्कालीन १८ वटा दलको प्रतिनिधित्व थियो ।

**दल दर्ता इतिहास**

नेपालमा राजनीतिक दलको गठनको थालनी विसं १९९३ देखि नै भएपनि राजनीतिक दलले पछिसम्म वैधानिक मान्यता प्राप्त गर्न सकेका थिएनन् । मुलुकमा प्रजातन्त्रको स्थापनाका लागि भएको २००७ सालको क्रान्तिको सफलतापछि नेपालको अन्तरिम शासन विधान, २००७ बाट मात्र राजनीतिक दलले वैधानिक मान्यता प्राप्त गरेका हुन् ।

यद्यपि मुलुकमा विसं १९९३ जेठ २० गते प्रजापरिषद् नामक राजनीतिक दलको जन्म भएको हो । आयोगका अनुसार त्यसपछि क्रमशः विसं २००३ मा नेपाली राष्ट्रिय काङ्ग्रेस, विसं २००५ मा नेपाली काङ्ग्रेस, २००६ मा नेपाल कम्युनिस्ट पार्टी र २००७ मा गोर्खा परिषद्लगायतका

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## आर्थिक विकासका तीन आधारभूत स्तम्भ

कुनै पनि मुलुकले आर्थिक प्रगति गर्नका लागि त्यहाँका राजनीतिक दलहरूले केही खास कुरामा विशेष ध्यान दिन अति आवश्यक हुन्छ र नेतृत्व तहमा रहेकाले ती खास कुरामा समान धारणा राख्न आवश्यक हुन्छ ।

राज्यले शासन व्यवस्थाका लागि प्रजातान्त्रिक प्रणाली अभ्यास गरेको स्थितिमा विभिन्न राजनीतिक दलका आआफ्नै नीति तथा कार्यक्रमहरू भए तापनि नेतृत्व तहबीच केही खास कुरामा मतैक्य हुन आवश्यक छ । मतैक्य नभएको खण्डमा राष्ट्र प्राकृतिक स्रोत र साधनले परिपूर्ण भए पनि, अर्ध एवं पूर्ण दक्ष जनशक्तिको कुनै कमी नभए पनि, राष्ट्रले आर्थिक विकास गर्न सक्तैन । देशभित्र रहेको दक्ष जनशक्ति रोजगार खोज्दै विदेश पलायन हुन्छ । यस भनाइको पुष्टि गर्न अफगानिस्तानको स्थितिलाई उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ। अफगानिस्तानका राजनीतिक दलहरूबीच एकता त परको कुरा, उल्टो एउटा दलले अर्को दललाई शत्रु देख्छ । नेताहरूबीच एकता नभएर यो देश राजनीतिक व्यवस्थाले होइन, धार्मिक नियमले चलिरहेको छ। यो आधुनिक युगमा कुनै पनि देशको प्रशासनिक क्रियाकलाप धार्मिक नियम अनुसार चल्नु आफैमा अनौठो होइन र ?

परराष्ट्र नीति, आर्थिक नीति, सामाजिक सुरक्षा नीति केही यस्ता खास कुरा हुन् जसले कुनै पनि राष्ट्रको आर्थिक विकासमा महत्त्वपूर्ण प्रभाव पारेका हुन्छन्। उपरोक्त कुरा कुनै पनि राष्ट्रको आर्थिक विकासका लागि अति महत्त्वपूर्ण रहेकोले ती तीन कुरामा राष्ट्रलाई नेतृत्व प्रदान गर्ने राजनीतिक दल र तिनका नेताहरूबीच मतभेद हुनुहुँदैन । समान विचार हुनुपर्दछ । तर हामीकहाँ भने नेतृत्व तहमा रहेका नेताहरूबीच यी तीन कुरामा सहमति त हुँदैन नै, राजनीतिक दलसम्बन्धी कुराहरूमा एउटा स्पष्ट धारणासमेत छैन ।

देशको आर्थिक विकासका लागि परराष्ट्र नीतिमा सबै राजनीतिक दल र तिनका नेताहरूबीच एउटा साझा धारणा हुन आवश्यक छ । नेपालको सन्दर्भमा भन्ने हो भने नेपालको परराष्ट्र नीतिप्रति नेपाली काङ्ग्रेस, कम्युनिस्ट, मधेस केन्द्रित दल र ती दलका नेताहरूको एउटै र समान धारणा हुनुपर्दछ । अहिलेजस्तो नेपाली काङ्ग्रेसका नेताहरू भारतको र कम्युनिस्टका नेताहरू चीनको नजीक हुने स्थिति हुनुहुँदैन । कुनै पनि राष्ट्रको परराष्ट्र नीतिले देशको अर्थ व्यवस्थालाई बलियो गरी प्रभाव पार्ने हुनाले नेपालका राजनीतिक दलका नेताहरूले यस तथ्यप्रति गम्भीर भएर सोच्न आवश्यक छ, यदि उनीहरूले नेपालको आर्थिक विकास होस् भन्ने चाहना राखेका छन् भने ।

अर्थविशेष



विश्वराज अधिकारी

akoutilya@gmail.com

**नेताहरूमा देशको आर्थिक विकास गर्ने इच्छाशक्तिको ठूलो अभाव छ । आर्थिक विकासका लागि चिन्ता छैन, चिन्ता छ भने सत्ता, शक्ति र पदको । नेताहरूले मुलुकको आर्थिक विकास होइन शक्ति, सत्ता र पदको सपना देख्छन् । यसरी पनि हुन्छ, मुलुकको आर्थिक विकास ?**

दुई देशबीच व्यापारिक सम्बन्ध बलियो बनाउन दुवै देशको परराष्ट्र नीतिको महत्त्वपूर्ण भूमिका हुन्छ । कुनै पनि देशको परराष्ट्र नीतिले विश्वका अनेक मुलुकहरूसँग आर्थिक सम्बन्ध सुमधुर पार्न महत्त्वपूर्ण भूमिका खेल्दछ। उदाहरणका लागि इजराइलको परराष्ट्र नीति कुशल भएकोले नै इजराइलको आर्थिक स्थिति बलियो छ र यस देशको अस्तित्व मध्यपूर्वमा कायम छ । इजराइलको विदेश नीति कमजोर भएको दिन इरानले इजराइललाई विश्व मानचित्रबाट नै समाप्त पार्न बेर लगाउने छैन । इजराइलका सबै राजनीतिक दल र तिनका नेताहरूको देशको परराष्ट्र नीतिप्रति समान धारणा छ। शून्य बराबर मतभिन्नता छ। त्यहाँका सबै राजनीतिक दल र तिनका नेताहरूको अमेरिकासँग अति राम्रो राजनीतिक सम्बन्ध छ, रणनीतिक सम्बन्ध छ त झनै सुमधुर छ । अमेरिकासँग इजराइलको राम्रो सम्बन्ध रहेको हुनाले नै शत्रु राष्ट्रहरूबीच, सदा सङ्कटग्रस्त स्थितिमा रहे पनि इजराइल सुरक्षित छ । इजराइलको अस्तित्व रहेको छ। इजराइल भन्ने देश विश्वको मानचित्रमा छ ।

नेपालका राजनीतिक नेताहरूको छिमेकी राष्ट्रप्रतिको धारणा समान नभएसम्म मुलुकको आर्थिक विकासले गति लिन सक्तैन । नेतृत्वमा रहेका प्रभावशाली नेताहरूमध्ये केहीले चीनको र केहीले भारतको ताबेदारी गरेसम्म नेपालको आर्थिक स्थिति बिग्रेको बस जस्तो बनिरहने छ । नेपालको आर्थिक विकासको लागि हामी केही गरेर छाड्छौं भन्ने सोच नेताहरूमा छ भने परराष्ट्र मामिलामा देशका सबै राजनीतिक दल, तिनका नेता एवं कार्यकर्ताहरूसमेतले साझा धारणा बनाउन आवश्यक छ । साँच्चै नै नेपालको आर्थिक विकास गर्ने हो भने यस्तो स्थिति हुन आवश्यक छ। यस्तो नभएसम्म नेपालले आउने सय वर्षमा पनि गरीबीबाट उन्मुक्ति पाउने छैन ।

कुनै पनि देशको आर्थिक नीति तथा कार्यक्रमले त्यस देशको आर्थिक विकासमा गहिरो प्रभाव पारेको हुन्छ । आर्थिक नीति भनेको रेलको लिक सरह हो । यो लिकमा नै देशको अर्थ व्यवस्था दौडिने गर्दछ । भारतका पूर्व प्रधानमन्त्री पिभी नरसिम्हा रावले देशभित्र पूँजीवादको प्रयोग आरम्भ नगरेको भए र चीनमा देंग सिआओ पिङले कम्युनिस्ट नेता माओको नीतिले चीनको अर्थतन्त्रको टाउको तल र खुट्टा माथिको स्थितिलाई सुल्टो पारेर चीनलाई पूँजीवादतर्फ उन्मुख नगराएको भए चीन अहिले विश्वको दोस्रो आर्थिक महाशक्ति हुने थिएन । भारत अहिले एशियाको दोस्रो महाशक्ति हुने थिएन ।

कुनै पनि निर्धन राष्ट्रलाई धनी बनाउन अर्थनीतिले ठूलो भूमिका खेल्ने गर्दछ । पछिल्लो समय भारत र चीनले फरक आर्थिक नीति प्रयोग गरेको हामीले देखेको तथ्य नै हो । विगतमा सिंगापुर, जापान आदिले विशेष किसिमको अर्थ नीति प्रयोग गरेर आआफ्नो मुलुकको आर्थिक विकास गरेका हुन् । इन्दिरा गाँधीले भारतमा समाजवाद थोपरेर र ज्योति बसुले पश्चिम बङ्गालमा कम्युनिस्ट अर्थ व्यवस्था लादेर लामो समय हिंडेको वा उनीहरूको त्यस्तो आर्थिक नीतिले भारतमा लामो समयसम्म काम गरेको भए भारत अहिले अति गरीब राष्ट्रहरूको श्रेणीमा पर्ने थियो ।

बङ्गलादेश, दक्षिण कोरिया, मलेशिया, इन्डोनेशिया यस्ता देश हुन् जहाँका नेताहरू राष्ट्रको आर्थिक विकासमा साझा आर्थिक नीति निर्माण गर्नुपर्छ भन्ने तथ्यमा विश्वास र अभ्यास दुवै गर्छन् । ब्रजीलमा पनि स्थिति यस्तै छ। नेपालका नेताहरू मुलुकको आर्थिक विकासका लागि साझा धारणा राख्ने मनस्थितिमा पुग्नु त परको कुरा, उल्टो तल्लोस्तरको झगडा गर्न व्यस्त छन् । हालै भाइरल भएको एक मन्त्रीको भिडियो संवादले त्यस कुराको पुष्टि गर्दछ। ती मन्त्रीले मर्यादाको सीमा उल्लङ्घन गरेर बोलेको सुन्न सकिन्छ।

पूँजीवाद र समाजवादमध्ये कुनले देशको आर्थिक विकास हुन्छ भन्ने कुरामा पनि हाम्रा नेताहरूबीच ठूलो अलमल छ। समाजवादले नेपालको आर्थिक विकास कुनै पनि हालतमा हुन सक्तैन भनी मान्न हाम्रा नेताहरूलाई कठिन भइरहेको छ। कतिपयले पूँजीवाद के हो भन्नेसमेत बुझेका छैनन् । र कतिपयले पूँजीवाद नबुझेर त्यसको विरोध गरिरहेका छन् ।

कुनै पनि मुलुकको आर्थिक विकासका लागि त्यस देशको राजनीतिक दल र तिनका नेताहरूबीच सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था उपर पनि समान किसिमको धारणा हुन आवश्यक छ। सामाजिक सुरक्षा व्यवस्था भन्नाले मुख्यतया गरीब एवं कमजोर नागरिकलाई राज्यले गर्ने सहयोगसम्बन्धी नीति तथा कार्यक्रम हो भनी बुझ्नुपर्ने हुन्छ । जेष्ठ नागरिक भत्ता, बेरोजगारी भत्ता, शिक्षा ऋण, दैवीय विपत्ति सहयोग, निश्शुल्क उपचार सुविधा एवं औषधी भत्ता (केवल विपन्नलाई मात्र), सुरक्षा भत्ता (जस्तै ६० वर्ष पुगेका सबै नागरिकलाई एउटा तोकिएको रकम), विपन्न कृषकलाई कृषि ऋण, आवास सुविधा (ज्यादै गरीबहरूलाई), वृद्ध आश्रम सेवाजस्ता सामाजिक सुरक्षा व्यवस्थामा सबै राजनीतिक दल र तिनका नेता एवं कार्यकर्ताबीच समान धारणा हुन आवश्यक छ । र सोही समान धारणाको आधारमा सामाजिक सुरक्षासम्बन्धी विभिन्न नीति, नियम, कार्यक्रम निर्माण हुन आवश्यक छ । यस्तो हुन सकेमात्र नेपाललाई समृद्धिको दिशातर्फ उन्मुख गराउन सकिन्छ ।

नेपालको गरीबीले यस मुलुकमा उपलब्ध स्रोत र साधनहरूसँग सम्बन्ध राख्दैन । अर्थात नेपाल स्रोत र साधनले भरिएको देश हो । प्राचीन दरबार र संस्कृति, नदीनाला, ताल, पहाड, हिमाल आदिले नेपाललाई पर्यटन क्षेत्रमा धनी तुल्याएको छ । पर्यटनको मात्र राम्रो उपयोग गर्ने हो भने यस क्षेत्रले नेपाललाई धनी तुल्याउन सक्छ। पर्यटनजस्तै नेपालमा अन्य स्रोतहरू पनि छन्।

नेपालको गरीबी प्रत्यक्षरूपमा हाम्रो शासन व्यवस्थासँग पनि सम्बन्धित छ। नेताहरूमा कर्मचारी व्यवस्था (Bureaucracy) सँग सम्बन्धित शिक्षा र ज्ञानको कमीसँग सम्बन्धित छ । मुख्यरूपमा भन्ने हो भने नेताहरूमा विकास गरौं भन्ने इच्छा-शक्तिसँग सम्बन्धित छ। हाम्रा नेताहरूमा यो देशको आर्थिक विकास गरौं भन्ने इच्छा-शक्तिको ठूलो अभाव छ । देशको आर्थिक विकासका लागि नेताहरूमा चिन्ता छैन, चिन्ता छ भने सत्ता, शक्ति र पदको लागि छ । नेताहरूले दिनरात मुलुकको आर्थिक विकासको लागि होइन शक्ति, सत्ता र पद पाउने सपना देख्छन् । यसरी पनि हुन्छ, मुलुकको आर्थिक विकास ?

## खेलौना बनाएर जीविकोपार्जन गर्दै अपाङ्गता भएका महिला

सप्तरी, ५ फागुन/रासस

सुरुङ्गा नगरपालिका-२ की उर्मिला निरौला खेलौना (गुडिया) बनाएर आवश्यकता पूरा गर्दै आएकी छन्। उनी आत्मनिर्भर बन्न र स्वरोजगार बन्नसमेत खेलौना बनाउने सीपसमेत सिक्दै छिन् । निरौला बौद्धिक अपाङ्गता अभिभावक सङ्घले आयोजना गरेको दुई हप्ते तालीममा सहभागी छिन् ।

निरौला ३५ किलोमिटर टाढा राजविराज आएर दैनिक तालीम लिइरहेकी छन् । अविवाहित उनले आत्मनिर्भर हुन सीप सिकिरहेको बताइन् । “म कसैको बोझ बन्न चाहन्नँ,” निरौलाले भनिन् । भारतीय बजारनजीकै भएका कारण अगरबत्ती, साबुन, मैनबत्ती जस्ता समानमा प्रतिस्पर्धा गर्न नसक्दा खेलौना बनाउन आकर्षित भएको उनको भनाइ छ ।

निरौला जस्तै अन्य अपाङ्गता भएका महिलाले तालीम लिइरहेका छन् । तालीममा राजविराजसहित सप्तकोशी, सुरुङ्गा, बोदे बर्साइन, हनुमाननगर कङ्कालिनी नगरपालिकालगायतका महिला सहभागी छन् । खेलौना बनाउने तालीममा सहभागी भएपछि उनीहरू आशावादी बनेका छन् । सप्तकोशी नगरपालिका-१ फत्तेपुरबाट ४० किमीको बसयात्रा तय गरेर तालीममा सहभागी भएकी उर्मिला चौधरी यसबाट जीविकोपार्जन गर्न मदत पुग्ने बताइन् । उनका पति खगेनको कोभिड-१९ का कारण गत असार ४ गते ज्यान गयो। अपाङ्गता भएकी उर्मिला त्यसयता सहाराविहीन भएकी छन् ।

ऐलानी १० धुर जग्गामा बसोबास गरिरहेकी उर्मिलालाई वृद्ध सासूको स्याहार र १३ वर्षीय छोराको लालनपालनको जिम्मेवारीसमेत सम्हाल्नुपरेको छ। दुवैजनाको स्याहारका लागि कुनै न कुनै सीप सिकेर आम्दानीको बाटो खोज्नुपर्ने उर्मिलाको बाध्यता छ।

यसैगरी, हनुमाननगर कङ्कालिनी-१२ की सङ्गीता खड्का पनि क्षमता विकास र आयआर्जनका लागि तालीममा सहभागी छिन्। अविवाहिता खड्काले घरमै ट्युशन पढाउने र किशोरी शिक्षा दिने गरिरहेको बताइन् । खेलौनाको माग बढ्दै गएको उनी बताउँछिन् ।

राजविराज नगरपालिका-८ की आरती मण्डल खेलौना बनाउने तालीम लिन थालेपछि सीपले जीवन गुजार्न सहज हुने विश्वास व्यक्त गरिन् । “तालीमले केही गरेर बाँच्न सकिन्छ भन्ने मनोबल बढेको छ,” उनले भनिन्, “घरमै बसेर आयआर्जनको अवसर पाउने विश्वास छ।”

पहिलोपटक अपाङ्गता भएका महिलालाई तालीम प्रदान गरिएको प्रशिक्षक कविता दासले बताइन् । तालीममा अपाङ्गता भएका महिला २० जना सहभागी छन् ।

## राष्ट्र बैंकको परिपत्रबाट व्यवसायीलाई क्षति -लाठे

प्रस, वीरगंज, ५ फागुन/



नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका अध्यक्ष गणेशप्रसाद लाठेले विज्ञप्ति जारी गर्दै नेपाल राष्ट्र बैंकले जारी गरेको विदेशी मालसामानको आयातसम्बन्धी परिपत्रबाट व्यवसायलाई क्षति पुग्ने बताएका छन् ।

उनले जारी परिपत्रमा विदेशबाट आयात हुने मालसामान अब उप्रान्त शतप्रतिशत मार्जिन राखेर प्रतीतपत्रमार्फत् आयात गर्नुपर्ने व्यवस्था नितान्त त्रुटिपूर्ण भएको बताए । उनले नेपाली आयातकर्ताले भारतीय निर्यातकर्तासँग उधारो सुविधा पाएका हुन्छन् र उधारो खरिद गरेर आउने मालसामानको परिपत्रमा कुनै चर्चा नहुँदा व्यवसायीहरूलाई घाटा हुने बताए । उनले यसबाट आयातकर्ता व्यवसायीको लागत बढ्ने र नेपाल-भारत व्यापारिक सन्धिको मर्मविपरीत पनि भएको उनले बताएका छन् ।

अध्यक्ष लाठेले प्रतीतपत्रको तुलनामा डिएपी विधिमार्फत मालसामान आयात गर्दा आयातकर्ताको रकम डुब्ने खतरा न्यून हुने बताए ।

डिएपी विधिबाट समय र बैंक शुल्क पनि थोरै लाग्ने भन्दै उनले प्रतीतपत्र विधिको प्रयोग संसारबाट घट्दै गएको अवस्थामा नेपाल राष्ट्र बैंकले सोही विधिलाई लागू गर्नु बुझिनसक्नु विषय भएको बताए । उनले यस विषयमा सरकारलाई पुनर्विचार गर्न आग्रह गरे ।

अध्यक्ष लाठेले भन्सार कर आदिको सम्बन्धमा हालसालै इपेमेन्टको व्यवस्था गरेको भएपनि विभिन्न वाणिज्य बैंकमा दश प्रतिशत भन्सार धरौटीसमेत लिने व्यवस्था यथावत् रहेकाले आयातकर्ताको रकम बैंकमा अनावश्यकरूपमा थन्किरहेकोमा ध्यानाकर्षण गराएका छन् ।

## मालपोत सिमराद्वारा ३४ करोड राजस्व सङ्कलन

प्रस, जीतपुर, ५ फागुन/

मालपोत कार्यालय, सिमरा, बाराले सात महीनामा रु ३४ करोड ३० लाख ६ हजार राजस्व सङ्कलन गरेको लेखापाल तेजेन्द्र लम्सालले बताएका छन् ।

चालु आव २०७८/७९ को साउन-माघ सात महीनामा घरजग्गा रजिस्ट्रेशन दस्तुर रु २१ करोड ३३ लाख ९७ हजार, पुर्जा बिक्री सेवा शुल्कबाट रु २४ हजार आठ सय, सेवा शुल्क रु सात लाख ४४ हजार, रोक्का दस्तुर रु दुई करोड पाँच लाख ६८ हजार, विविध रु आठ लाख ४० हजार, पूँजीगत लाभकर रु १० करोड ७४ लाख ३१ हजार गरी रु ३४ करोड ३० लाख छ हजार राजस्व सङ्कलन भएको लेखापाल लम्सालले बताए ।

## विद्युत् सिमराले एक महीनामा ३२ करोड महसूल सङ्कलन

प्रस, जीतपुर, ५ फागुन/

नेपाल विद्युत् प्राधिकरण सिमरा वितरण केन्द्रले एक महीनामा रु ३५ करोडको विद्युत् बिक्री गरी रु ३२ करोड महसूल सङ्कलन गरेको सहायक लेखा अधिकृत पृथ्वीराज सापकोटाले जानकारी गराएका छन् ।

सो केन्द्रमा हालसम्म ३५ हजार ९ सय ३१ जना विद्युत् ग्राहक छन् र ग्राहक बढिरहेको लेखापाल सापकोटाले बताए ।

## नेप्सेमा झिनो अङ्कको गिरावट

काठमाडौं, ५ फागुन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार पनि झिनो अङ्कले ओरालो लागेको छ। शेयर कारोबार हुने साताको अन्तिम दिन आज नेप्से परिसूचक १.९४ अङ्कले ओरालो लागेर दुई हजार ७३२.५१ मा ओर्लेको छ।



तस्वीर: फाइल

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ०.०२ अङ्कले घटेर ५१८.६४ मा ओर्लेको छ। नेप्सेको ओरालो यात्रासँगै कारोबार रकम पनि घटेको छ । कुल २२७ कम्पनीको ४० लाख १७ हजार ४२९ कित्ता शेयर रु दुई अर्ब २७ करोड ८१ लाख ७३ हजार ६६० मूल्यमा कारोबार भयो ।

नेप्सेका अनुसार कारोबार भएका कुल १३ उपसमूहमध्ये आज पाँच उपसमूहको शेयर मूल्यमा वृद्धि भएको छ भने आठ उपसमूहको शेयर ओरालो लागेको छ। व्यापार १२.३३, जलविद्युत् २.५९, उत्पादन ०.११, अन्य ५.१२, सामूहिक लगानी कोष ०.०२ अङ्कले उकालो लागेको छ। बैंकिङ ०.०७, होटल तथा पर्यटन ९.७, विकास बैंक २०.३, वित्त १०.६३, निर्जीवन बीमा ६.२, लघुवित्त ४.४७, जीवन बीमा ५४.६१, लगानी ०.३४ अङ्कले ओरालो लागेको छ।

कारोबारका आधारमा जीवन विकास लघुवित्त शीर्ष स्थानमा छ । सो कम्पनीको रु २२ करोड ३७ लाख ३६ हजार १९७ बराबरको कारोबार भयो । हिमालयन डिस्टिलरी रु १२ करोड २० लाख १४ हजार २४५, नेपाल दूरसञ्चार कम्पनी रु १० करोड दुई लाख ७५ हजार ७६२, अरुण भ्याली हाइड्रोपावर रु आठ करोड छ हजार २१० र नेशनल हाइड्रो पावरको रु सात करोड ४८ लाख ८३ हजार ५१० बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार आजको कारोबारपछि बजार पूँजीकरण रु ३८ खर्ब ७० अर्ब २९ करोड ४९ लाख १७ हजार ५५८ बराबर पुगेको छ । कारोबारका आधारमा तेह्रथुम पावर कम्पनी ६.४७, युनाइटेड इदी मर्दी हाइड्रोपावर ६.३२, सामलिङ पावर कम्पनी ४.१३, जीवन विकास लघुवित्त ३.५३ र मैलुङ खोला जलविद्युत् कम्पनीका शेयरधनीले ३.४७ प्रतिशतले कमाए ।

बुद्धभूमि नेपाल हाइड्रोपावर ४.०२, एनआइसी एशिया ऋणपत्र ३.९०, ग्रीनलाइफ हाइड्रोपावर ३.३९, नेरुडे लघुवित्त विकास बैंक २.२९ र सिभिल लघुवित्तका लगानीकर्ताले २.२७ प्रतिशतले गुमाएका छन् ।

# समृद्धिको सरल मार्गः कृषिको यन्त्रीकरण

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**ग्रामीण अर्थतन्त्रलाई कृषि यन्त्रीकरणको माध्यमबाट विकसित र व्यवस्थित गर्न सकियो भने स्थानीय स्तरमा रोजगारका धेरै अवसर सिर्जना हुन सक्ने, आन्तरिक बसाईँसराई कम हुने र राज्यको सबल अर्थतन्त्रको विकासमा समेत ठूलो सहयोग पुऱ्याउन सकिने देखिन्छ ।**

कृषिप्रधान मुलुक नेपालमा कृषि वस्तुकै आयात उच्च छ । यहाँको ठूलो जनसङ्ख्या कृषि पेशामा आश्रित छ । कृषि, पशुपालन, कृषि पर्यटन, घरेलु तथा साना उद्योग र व्यापारबाट निर्मित ग्रामीण अर्थतन्त्रको आधुनिकीकरण गर्दै अगाडि बढ्न सकेमात्र मुलुक र विशेषगरी मधेस प्रदेशको विकास र समृद्धि सम्भव छ । ग्रामीण क्षेत्रमा अहिले जेजस्ता समस्या देखिएका छन्, त्योभन्दा बढी अवसरहरू पनि छ । स्वस्थ, सरल जीवनशैलीयुक्त ग्रामीण परिवेशलाई आधुनिक प्रविधि, कृषिमैत्री पूर्वाधार विकास, कृषिको विविधीकरण र कृषि पर्यटनको माध्यमबाट अझ आकर्षक बनाउन सकिन्छ । शहरी अर्थतन्त्र सङ्कट पर्दा सम्झना गरिने ग्रामीण क्षेत्रलाई युगौंयुग बचाइराख्न कृषिमा आधारित ग्रामीण अर्थतन्त्रमा समयानुकूल सुधार अहिलेको आवश्यकता हो । यसका लागि कृषि क्षेत्रको उत्पादन वृद्धि गर्नुपर्ने र आधुनिक कृषि विज्ञानलाई आत्मसात् गरी कृषिको आधुनिकीकरण, विस्तार, आवश्यक ज्ञान सीप र तालीमको व्यवस्था गर्न सक्नुपर्छ । साथै कृषि उपज/वस्तुको खरीद-बिक्री र ग्रामीण रोजगारको व्यवस्थापन गर्दै जानु अहिलेको आवश्यकता हो ।

विशेषगरी मधेस प्रदेश वा समग्र नेपालको कृषि क्षेत्रको कुरा गर्दा कृषिभूमि खण्डित हुनु, सीमित व्यावसायिकता, युवाको न्यून आकर्षण, आन्तरिक बसाइँसराई, कृषि मजदूरको अभाव, उच्च लागत खर्च, न्यून उत्पादन तथा उत्पादकत्व, आधुनिक प्रविधि/यान्त्रिक प्रविधिको न्यून प्रयोग र समयमा चाहिने गुणस्तरीय मलखाद तथा बीउको अभाव नै प्रमुख समस्याको रूपमा रहेको पाइन्छ । कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणका लागि यन्त्रीकरणको महत्त्वपूर्ण भूमिका हुन्छ । यन्त्रीकरणको माध्यमबाट कृषिमा प्रयोग हुने कृषि सामग्रीको दक्षता अभिवृद्धि हुने, श्रमभार कम गर्न सकिने र कृषिको विविधीकरण गर्न सकिन्छ । यसका साथै कृषि यन्त्रीकरणको माध्यमबाट लागत तथा ऊर्जाको बचत हुनुका साथै समयको बचत र समयमैं कृषि कार्य सम्पन्न गरी ग्रामीण कृषिलाई मूल्य लागत र गुणस्तरका हिसाबले प्रतिस्पर्धी बनाउन सकिन्छ । यसैगरी बढ्दो ज्याला दरले बढ्दो लागत खर्च, बसाइँसराई, वैदेशिक रोजगारका कारण महिला उपस्थिति बढी भएको ग्रामीण क्षेत्रमा कृषि मजदूरको अभाव पूर्ति गर्दै आयआर्जनका थप अवसर सिर्जना गरी कृषिको अर्थपूर्ण रूपान्तरणका लागि महिलामैत्री कृषि यन्त्रीकरण अहिलेको अपरिहार्य आवश्यकता हो । यसतर्फ सरकार गम्भीर हुनैपर्दछ ।

कृषि यन्त्रीकरण केवल कृषि प्रविधि मात्र नभई ग्रामीण क्षेत्रको प्राविधिक परिवर्तनको सजिलै बुझिने वा देखिने अंश पनि हो । विकासको परम्परागत परिभाषामा कृषिको विकास र यन्त्रीकरणलाई सहभागी गराएर ग्रामीण विकासलाई बुझ्नुपर्ने हुन्छ । ग्रामीण क्षेत्रको धनको प्रमुख स्रोत नै कृषि हो भने यसको उत्पादन, उत्पादकत्व र समग्र कृषिको विकास नभई ग्रामीण विकास कसरी होला ? यो नै अहिलेको अहम् प्रश्न हो । ग्रामीण उत्पादनलाई राम्ररी व्यवस्थापन गर्ने, बजारीकरण, प्लास्टिकका सामग्रीको सट्टा कृषिमा आधारित ग्रामीण उत्पादन वा हस्तकला सामग्रीको आन्तरिक बजारमा पहुँच पुऱ्याउने हो भने ग्रामीण अर्थतन्त्र सबल हुन सक्छ । ग्रामीण क्षेत्रमा उपयुक्त प्रविधिको पहुँच वृद्धि गरी उजाड हुँदै गरेका बस्तीलाई खेतीपातिले हरियाली पार्न सकिन्छ । अहिले ग्रामीण क्षेत्रमा कृषि प्रविधिको प्रयोग पनि क्रमशः बढ्दै गएको देखिन्छ । गोरुको ठाउँमा मिनी टिलरले केही घण्टामैं खेतबारी जोत्ने, पानी तान्ने, भुसा काट्ने, चुट्ने, कुटानी-पिसानी गर्नेजस्ता कार्यमा प्रविधिको उपयोग हुँदै आएको छ । सरकारले अवलम्बन गरेको व्यापार नीतिले कृषि मेशिनरीको आयातलाई प्रोत्साहन गरेकाले यसको उपलब्धता बढेको छ । अनुदान नीतिले ग्रामीण क्षेत्रमा मिनी टिलर, स्प्रेयर, थ्रेसरजस्ता मेशिनको प्रयोगले ग्रामीण क्षेत्रको परम्परागत शैलीमा नै परिवर्तन ल्याइदिएको छ । यसले ग्रामीण कृषिलाई सहज र आधुनिकीकरणतर्फ लगेको देखिन्छ ।

राष्ट्रिय उत्पादनको ४३ प्रतिशत र कुल निर्यातको ८० प्रतिशत अंश ओगटेको कृषि क्षेत्रको द्रुततर विकासमा नै आम नेपालीको भाग्यरेखा कोरिएको छ । कुल कृषि गार्हस्थ्य उत्पादनमा खाद्यान्नको हिस्सा करीब ४२ प्रतिशत र कुल लगानी बाली उत्पादनमा ७६ प्रतिशत रहेको तथ्याङ्क छ । त्यसैले खाद्यान्न उत्पादन र उत्पादकत्वमा थोरै परिवर्तन हुँदा कुल बाली उत्पादनका साथै सम्पूर्ण राष्ट्रिय उत्पादनमा नै यसको प्रत्यक्ष तथा व्यापक प्रभाव पर्ने गर्दछ । यहाँको कृषि उत्पादनमा अन्नबालीले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपालको र विशेषगरी मधेस प्रदेशको अर्थतन्त्रमा कृषि महत्त्वपूर्ण क्षेत्र हो । चालू आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले २७.०८ प्रतिशतले योगदान गर्ने प्रारम्भिक अनुमान छ । चालू आर्थिक वर्षमा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि प्रचलित मूल्यमा करीब रु नौ खर्ब १५ अर्ब ७३ करोड पुग्ने प्रारम्भिक अनुमान गरिएको थियो । धानबालीको उत्पादन घटेको तथा अन्य बालीको उत्पादन सामान्य अवस्थामा रहेकोले यस क्षेत्रको कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर ३.८० प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको थियो ।

यहाँको हावापानी, जमीन, माटो र प्रचलन अनुसार विभिन्न प्रकारका कृषि बालीहरू लगाइन्छ । नेपालमा खेती गरिने प्रमुख खाद्यान्न बालीमा धान, मकै, गहुँ र कोदो हो । त्यस्तै नगदे बालीमा जुट, उखु, सुर्ती, तेलहन, आलु तरकारी, फलफूल, दालबाली र चिया रहेको पाइन्छ । राष्ट्रिय योजना आयोगले गरेको एक अध्ययन अनुसार कोभिडका कारण कृषि क्षेत्रमा रु ६० अर्बभन्दा बढीको क्षति भएको छ । तर पनि कृषिमा ठूलो असर पर्ने देखिन्न । निर्वाहमुखी कृषिबाट यन्त्रीकरणमा जाने सुनौलो अवसरका रूपमा समेत लिनुपर्ने देखिन्छ । तर वैदेशिक रोजगारबाट फर्केकालाई स्वदेशमैं कृषिमा आकर्षित गर्न सङ्घीय, प्रादेशिक र स्थानीय सबै सरकारहरू चुकिसकेका छन् । बजारमा उत्पादनको समयमा मल समेत नपाएर भौतारिनुपर्ने अवस्थामा सुधार हुनै सकेन । कोरोना भाइरस सङ्क्रमणको उच्च जोखिमबीच पनि भारत जानेको ठूलो लर्को देखिनु नेपालको कृषि क्षेत्रका लागि पक्कै पनि सुखद होइन । तर पनि तीनै तहका सरकारले कृषि व्यवसायीकरणको जग हाल्ने अवसरको सिर्जनाका लागि अभियान सञ्चालन गर्न सकेको देखिएन । कृषकले उत्पादन लागतको आधारमा कृषि उपजको उचित मूल्य प्राप्त गर्ने व्यवस्था मिलाएर यसप्रति आम नागरिकको आर्कषण बढाउनेतर्फ सरकार संवेदनशील हुन सकेको छैन ।

कृषि व्यवसायीकरण हुन नसक्नुमा बजारीकरण हुन नसक्नु एक प्रमुख कारण हो । बजारीकरणका लागि सरकारले कृषि मन्डीहरूको व्यवस्थापन गर्नुपर्ने र ठूलठूला भण्डारण क्षेत्रहरू बनाउनुपर्ने हुन्छ । यसले गर्दा तत्काल पैसाको तत्काल आवश्यक पर्ने कृषकले आफ्नो लागतको दाँजोमा मुनाफा आउने गरी कृषि उपज बिक्री गर्न सक्छन् । त्यस्तै केही समय कुरेर बढी फाइदा लिन चाहने किसानले आफ्नो उपज भण्डारण गर्न सुविधा पनि पाउन सक्छन् । यी दुवै कामका लागि सरकारले नीतिगत व्यवस्था र प्रोत्साहन दिनुपर्ने हुन्छ । सरकारसँग कृषि उपजको भण्डारण र खरीद गर्नका लागि सक्रियता र क्षमताको समेत अभाव देखिन्छ । यो काम सहकारीमार्फत गराउन सके कम लगानीमैं कृषिलाई बजारसँग जोड्न सकिन्छ । तर, सरकारले सहकारीलाई धान किन्न आग्रह गरे पनि किनेको धान कहाँ बिक्री गर्ने भन्ने स्पष्ट छैन । सहकारीबाट खाद्य व्यवस्था कम्पनीले किनिदिने व्यवस्था मिलाउने हो भने सहकारीले छरिएर रहेका किसानबाट धान किनेर निश्चित ठाउमा सङ्कलन गरी कम्पनीलाई बिक्री गर्न सक्छन् । तर, सरकारले यस्तो नीति नलिंदा उनीहरूले धान किनेर के गर्ने भन्ने नै तय हुन सकेको छैन । सहकारीले उद्योग दर्ता गर्न जाँदा कम्पनीले मात्रै पाउने जवाफ सरकारी अधिकारीहरूले दिने गरेका छन् । यस्तोमा सरकारले सहकारीहरूलाई आवश्यक कानूनी व्यवस्था र कम्पनी सरहको छुट उपलब्ध गराइदिनु उपयुक्त हुन्छ । दुग्ध व्यवसायमा सहकारीले ठूलो परिवर्तन ल्याइदिएको छ । सहकारीमार्फत दुग्ध उत्पादन र बजार व्यवस्थापन भएको हुँदा गाउँ-गाउँमा दुग्ध सहकारी खुलेका छन् । त्यसैगरी धान उत्पादन र बिक्रीमा समेत सहकारीलाई सक्रिय तुल्याउनेगरी नीति तय गरिदिने हो भने उत्पादन पक्कै बढाउन सकिन्छ । अझ सरकारले अनुदानको मल बिक्री वितरणको जिम्मा सहकारीलाई दिएको छ । यस्तोमा सहकारीलाई नै धान उत्पादनसँग जोड्न अझ सहज देखिन्छ ।

अन्त्यमा ग्रामीण अर्थतन्त्रलाई कृषि यन्त्रीकरणको माध्यमबाट विकसित र व्यवस्थित गर्न सकियो भने स्थानीय स्तरमा रोजगारका धेरै अवसर सिर्जना हुन सक्ने, आन्तरिक बसाइँसराई कम हुने र राज्यको सबल अर्थतन्त्रको विकासमा समेत ठूलो सहयोग पुऱ्याउन सकिने देखिन्छ । त्यसैले प्रतिस्पर्धी जलवायु अनुकूलन आत्मनिर्भर एव निर्यातमुखी उद्योगको रूपमा कृषि क्षेत्रलाई रूपान्तरण गर्न सक्यौं भने मात्र मुलुकमा समावेशी र दिगो आर्थिक वृद्धि हासिल गर्न सकिन्छ । यसतर्फ सरकार गम्भीर हुनुपर्दछ ।

# स्थानीय तह निर्वाचन प्रयोजनका लागि जनशक्ति व्यवस्थापन निर्देशिका स्वीकृत

काठमाडौं, ५ फागुन/रासस

स्थानीय तह निर्वाचन प्रयोजनका लागि बिहीवार आयोगमा तीनवटा राजनीतिक दल दर्ता भएका छन् । सरकारले आगामी वैशाख ३० गते स्थानीय तह निर्वाचनको मिति तोकेको छ ।



पत्रकार सम्मेलनमा बोलदै आयोगका प्रवक्ता पौडेल । तस्वीरः रासस

राजनीतिक दलसम्बन्धी ऐन-२०७३, राजनीतिक दलसम्बन्धी नियमावली-२०७४ तथा प्रचलित सङ्घीय कानूनबमोजिमका प्रावधान पालना गर्ने शर्तमा जनता प्रगतिशील पार्टी नेपाल, सामाजिक एकता पार्टी र नागरिक उन्मुक्ति पार्टी गरी तीनवटा राजनीतिक दल दर्ता भएको आयोगले जनाएको छ ।

आयोगमा आज आयोजित नियमित पत्रकार भेटघाटमा प्रवक्ता शालिग्राम शर्मा पौडेलले हालसम्म दर्ता हुने राजनीतिक दलको सङ्ख्या १०६ पुगेको जानकारी दिए । यसअघि दर्ता भएका राजनीतिक दललाई निर्वाचन प्रयोजनका लागि यही फागुन १५ गतेभित्र आयोगमा दर्ता गर्न आज सूचना प्रकाशन गरिएको छ ।

आयोगले निर्वाचनमा जनशक्ति परिचालनको कार्यलाई सरल र सहज बनाउनका लागि जनशक्ति व्यवस्थापन निर्देशिका, २०७८ स्वीकृत गरेको छ । सम्बन्धित पालिकामा कार्यरत जनशक्तिलाई सोही पालिकामा स्थापना भएको निर्वाचन अधिकृतको कार्यालयमा परिचालन गरी निर्वाचनलाई मितव्ययी बनाउन प्रयास गरिएको उनले बताए ।

मतपत्र छपाइका लागि आवश्यक पर्ने कागजको स्पेसिफिकेशन र लागत अनुमान स्वीकृत गरी इबिडिङको माध्यमबाट खरीद प्रक्रिया अगाडि बढाइएको तथा मतदान केन्द्रमा प्रयोग हुने विभिन्न ५३ प्रकारका निर्वाचन सामग्रीको स्पेसिफिकेशन स्वीकृत गरिएको आयोगले जनाएको छ ।

यस्तै, जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतमा नियुक्त गर्ने प्रयोजनका लागि न्यायपरिषद्सँग परामर्श गरी तथा न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्ति गर्ने प्रयोजनका लागि न्याय सेवा आयोगसँग परामर्श गरी यही फागुन १५ गतेसम्ममा नामावली उपलब्ध गराउन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई पत्राचार गरिएको आयोगका प्रवक्ता पौडेलले जानकारी दिए ।

निर्वाचन अधिकृतमा नियुक्ति गर्न नेपाल प्रशासन सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतको नामावली उपलब्ध गराउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग अनुरोध गरिएको उनले बताए ।

स्थानीय तह आर्थिक कार्यविधि, २०७८ तयार गरी सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको आयोगले जनाएको छ । निर्वाचन प्रचारप्रसार तथा मतदाता शिक्षा कार्यक्रमका लागि आयोगले उत्पादन गर्ने निर्वाचन गीत, सन्देशमूलक सन्देश, संवादमूलक सन्देश, लघुकथा आदि लेखनका लागि प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गर्न सूचना प्रकाशन गरिएको प्रवक्ता पौडेलले जानकारी दिए । आयोगले उत्कृष्ट सिर्जनालाई पुरस्कृत गर्ने घोषणासमेत गरेको छ ।

स्थानीय तहको निर्वाचनमा अन्तर्राष्ट्रिय सहायता प्राप्तिका लागि बुधवार विकास साझेदार समन्वय बैठक सम्पन्न भएको उनले जानकारी दिए । बैठकमा नेपालस्थित विभिन्न २० कूटनीतिक नियोग एवं विकास साझेदारका प्रमुख एवं प्रतिनिधिको उपस्थिति रहेको आयोगले जनाएको छ ।

आयोगले 'निर्वाचनमा सबै, सधैं, सँगै' नाराका साथ यही फागुन ६, ७ र ८ गतेसम्म आयोजना हुने छैटौं निर्वाचन दिवस विभिन्न कार्यक्रम आयोजना गरी मनाउन सबैमा अनुरोधसमेत गरेको छ ।

# ८६३ फर्म कारबाईमा

काठमाडौं, ५ फागुन/रासस

वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले चालू आवको हालसम्म एक हजार ८०० बढी व्यावसायिक फर्मको अनुगमन गरेको छ । विभागले सात महीनाका अवधिमा काठमाडौं उपत्यकालगायतका क्षेत्रका एक हजार ८१९ बढी फर्मको अनुगमन गरेको थियो ।

अनुगमनबाट अनुचित व्यापारिक कारोबारमा संलग्नलाई कारबाईस्वरूप जरिवाना गर्दा रु ८९ लाख ८० हजार राजस्व सङ्कलन भएको जनाइएको छ । अनुगमन गरिएका फर्ममध्ये झन्डै आधा फर्मलाई कारबाईस्वरूप जरिवाना गरिएको विभागका निर्देशक हरि पङ्गेनीले जानकारी दिए ।

उनले सामान्य गलती गर्ने फर्मलाई एकपटक सुधारको मौकासमेत दिइने गरिएको जानकारी दिए ।

सात महीनाका अवधिमा विभागले ८६३ वटा फर्मलाई जरिवाना, ८२३ वटा फर्मलाई सामान्य सुधार गर्न निर्देशन दिएको थियो ।

यस्तै, १६ वटा फर्मबाट परीक्षण गर्न वस्तुको नमूना सङ्कलन, साधनसहित तीनजना पक्राउ र १२ वटा फर्मको कारोबार रोक्का गरी सिलबन्दी गरिएको




तस्वीरः फाइल

थियो ।

यसैगरी, उक्त अवधिमा विभागले खान अयोग्य वा म्याद सकिएकोले रु २८ लाख ५५ हजार ३१८ बराबरको वस्तु तत्कालै नष्ट गर्न लगाएको थियो । विभागले सात महीनाको अवधिमा सबैभन्दा धेरै फार्मेसीपसलको अनुगमन भएको जनाएको छ । तथ्याङ्क अनुसार उक्त अवधिमा १०६ वटा फार्मेसीपसलको अनुगमन गरिएकामा ३३ वटालाई कारबाईस्वरूप जरिवाना गरिएको थियो ।

यस्तै, ५३१ वटा खाद्यान्न तथा किराना, १५६ वटा कस्मेटिक तथा कपडा पसल, आठवटा स्टेशनरी पसल, ४८ वटा अन्डा तथा मासु पसल, २८ वटा मार्ट, २७ वटा मदिरा तथा पेय पदार्थ, ५५ वटा फलफूल तथा तरकारी पसल, ४९ वटा दुग्धजन्य पदार्थ तथा बेकरी र ७५४ वटा अन्य उद्योगको अनुगमन गरेको थियो ।

विभागले नियमितरूपमा खाद्य तथा किराना, डिपार्टमेन्टल स्टोर, खसीबोका बिक्री, तरकारी फलफूल, मासु, मदिरा, मार्ट, हार्डवेयर, मिठाइ तथा इलेक्ट्रोनिक्सलगायतका पसलको अनुगमन गर्दै आएको छ ।

अनुगमनका क्रममा उपभोक्तासँग बढी मूल्य लिने, कृत्रिम अभाव सिर्जना तथा कालोबजारी गर्ने, म्याद सकिएका खानेकुरा बेच्ने तथा खरीद-बिक्री बिल नराख्ने फर्मलाई रु पाँच हजारदेखि तीन लाखसम्म जरिवाना गरिएको विभागले जनाएको छ ।

उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम अनुचित व्यापारिक कारोबार गर्ने पसललाई जरिवाना गरिएको विभागले जनाएको छ ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## व्यापक वर्षाका कारण सडकहरू नै खोलामा परिणत

साओ पाओलो, ५ फागुन/सिन्ह्वा

ब्रजीलमा व्यापक वर्षाका कारण सडकहरू नै खोलामा परिणत भएपछि हजारौं प्रभावित बनेका अधिकारीहरूले बिहीवार बताएका छन्। एक पर्यटकीय शहर पेट्रोपोलिस र रियो डि जेनेरियोमा आएको विनाशकारी बाढी र पहिरोमा परी करीब एक सयजनाको मृत्यु भएको छ।

यहाँ केही दिनदेखि भारी मात्रामा वर्षा भएको बताइएको छ। सबैभन्दा बढी क्षति पेटोपोलिस शहरमा भएको बताइएको छ। अर्को शहर रियो डि जेनेरियोको उत्तरी क्षेत्रमा पनि बाढीले असर गरेको छ। यहाँ सन् १९३२ पछिको सबैभन्दा बढी वर्षा भएको छ। वर्षाका कारण यहाँ मानवीयका साथै अन्य भौतिक सम्पत्तिमा पनि क्षति पुगेको बताइएको छ।



ब्रजीलको राजधानी रियो डे जेनेरियोमा व्यापक वर्षापछि सडकमा पुऱ्याएको क्षतिको दृश्य। तस्वीरः सिन्ह्वा

बाढी तथा डुबानका कारण करीब दर्जनौं घर क्षतिग्रस्त भएका र सयौं जनालाई प्रायः विद्यालयहरूमा आश्रय दिइएको बताइएको छ। विशेषज्ञहरूको भनाइ अनुसार जलवायु परिवर्तनको प्रभावले अहिले भारी मात्रामा वर्षा भइरहेको छ।

उनीहरूले विश्वव्यापी उष्णताले अत्यधिक वर्षाबाट आउने बाढीको जोखिम र तीव्रता बढाउँछ। यस महीनाको शुरूतिर पनि मुसलधारे वर्षाका कारण बाढी र पहिरो जाँदा दक्षिणपूर्वी ब्रजीलमा कम्तीमा २८ जनाको मृत्यु भएको थियो।

सन् २०११ जनवरीमा भारी वर्षाका कारण यस क्षेत्रमा ९०० भन्दा बढी मानिसको मृत्यु भएको थियो। जसले गर्दा पेट्रोपोलिस र छिमेकी शहरहरू नोभा फ्रिबर्गो र टेरेसोपोलिसलगायत ठूलो क्षेत्रमा बाढी र पहिरो गएको थियो।

ब्रजीलका अधिकारीहरूले यहाँ अरू केही व्यक्ति हराएको बताएका छन्। त्यस्तै सयौं व्यक्तिको उद्धार गरिएको छ। वर्षा जारी रहेको उनीहरूले जनाएका छन्।

**९४ जनाको मृत्यु**

ब्युनस आयर्स/एएनआई

भारी वर्षा र त्यसपछिको पहिरोका कारण ब्रजीलको रियो दि जेनेरियोभन्दा उत्तरस्थित पेट्रोपोलिस शहरमा कम्तीमा ९४ जनाको मृत्यु भएको सञ्चारमाध्यमले बिहीवार जनाएको छ।

स्पुतनिक समाचार एजेन्सीले मिडिया रिपोर्टलाई उद्धृत गर्दै करीब ८० जनाको ज्यान गएको जनाएको छ।

विपद्का कारण ५४ घर ध्वस्त भएका छन्। त्यसैगरी जी–१ प्रसारकलाई उद्धृत गर्दै, रूसी समाचार एजेन्सीले नागरिक रक्षा सेवाले २४ जनाको उद्धार गरेको छ भने ३५ जना अझै हराइरहेको उल्लेख गरेको छ।

ब्रजीलमा मङ्गलवार भारी वर्षाका कारण पहिरो र बाढी आएको छ। ब्रजीलका राष्ट्रपति जायर बोल्सोनारोले आफ्ना मन्त्रीहरूलाई पेट्रोपोलिसमा बाढी पीडितहरूलाई सहयोग गर्न निर्देशन दिएका छन्। रासस

## बङ्गलादेशमा १० करोडजनाले खोप लगाए

ढाका, ५ फागुन/सिन्ह्वा

बङ्गलादेशले कोभिड–१९ विरुद्ध खोपको पहिलो मात्रासहित १० करोडभन्दा बढी मानिसलाई खोप लगाएको छ। आधाभन्दा बढी खोप चीनको सिनोफार्मबाट लिइएको हो।

स्वास्थ्य सेवा महानिर्देशनालयको व्यवस्थापन सूचना प्रणाली अनुसार फेब्रुअरीसम्म देशमा १०,११,९०,८९० मानिसले खोपको पहिलो मात्रा (५,२०,८४,४४२ चिनियाँ खोपको मात्रासहित) लगाएका छन्।

त्यसैगरी, करीब सात करोड मानिसलाई दुवै मात्राको खोप लगाइएको छ। जसमा मङ्गलवारसम्म ४,६९,५९,२०३ जनाले सिनोफार्म प्राप्त गरेका छन्। बङ्गलादेशले गत जनवरीमा महामारी नियन्त्रण गर्ने उद्देश्यले कोभिड खोप अभियान शुरू गरेको थियो।

**भारतमा 30 हजारभन्दा बढी कोरोनाका नयाँ सङ्क्रमित**

नयाँ दिल्ली/सिन्ह्वा

भारतमा पछिल्लो २४ घण्टामा ३० हजार ७५७ जना कोरोनाका नयाँ सङ्क्रमित थपिएका सरकारी अधिकारीहरूले बिहीवार बिहान जानकारी दिएका छन्। योसँगै भारतमा कोरोना सङ्क्रमण शुरू भएयता हालसम्म चार करोड २७ लाख ५४ हजार ३१५ जना सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले बिहीवार जनाएको छ।

सोही अवधिमा सङ्क्रमणमुक्त भएकाहरूको सङ्ख्या भने ६७ हजार ५३८ रहेको छ। एकै समय कोरोना भाइरसबाट नयाँ सङ्क्रमित भएकाहरूको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त हुनेहरूको सङ्ख्या धेरै रहेकोले सक्रिय सङ्क्रमितहरूको सङ्ख्या घट्दै गएको छ। भारतमा कोरोनाका चार करोड १९ लाख १० हजार ९८४ जना सङ्क्रमण मुक्त भएका छन्।

अधिकारीहरूका अनुसार भारतमा अहिले कोरोना भाइरसबाट सक्रिय सङ्क्रमितको सङ्ख्या तीन लाख ३२ हजार ९१८ रहेको छ। गत २४ घण्टामा मात्र ३७ जना ३२२ जना सक्रिय सङ्क्रमित घटेको पनि समाचारमा जनाइएको छ।

कोरोना भाइरसका कारण भारतमा पछिल्लो एक दिनमा ५४१ जनाको मृत्यु भएको पनि मन्त्रालयका अधिकारीहरूले जनाएका छन्। यससँगै भारतमा कोरोना सङ्क्रमणको कारण हालसम्म पाँच लाख १० हजार ४१३ जनाको मृत्यु भइसकेको समाचारमा जनाइएको छ। रासस

## मिन्स्क सम्झौता कार्यान्वयन गर्न जोड

लन्डन, ५ फागुन/एएनआई/स्पुतनिक

बेलायतका प्रधानमन्त्री बोरिस जोन्सन र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले युक्रेन वरपरको अवस्थाबारे छलफल गर्दै मिन्स्क सम्झौताहरू कार्यान्वयन गर्नुपर्ने आवश्यकतामा जोड दिएको जोन्सनको कार्यालयले जनाएको छ।

नेताहरूले संयुक्त राष्ट्रसङ्घको बडापत्र अन्तर्गत आफ्ना दायित्व पालना गर्न र संयुक्त राष्ट्रसङ्घ सदस्यहरूको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको सम्मान गर्न राज्यहरूको दायित्व पुनः दोहोऱ्याएका छन्।

प्रधानमन्त्री र महासचिवले मिन्स्क सम्झौताहरू कार्यान्वयन गर्न सबै पक्ष असल विश्वासका साथ काम गर्ने महत्त्वलाई पुनः पुष्टि गरेका बेलायती प्रधानमन्त्रीको कार्यालयले बुधवार उल्लेख गरेको छ।

युक्रेनको सरकार र अलग भएको डोनेट्स्क र डोनेट्स्कबीच डोनबासमा द्वन्द्व जारी छ।

द्वन्द्वको राजनीतिक समाधान खोज्न तयार गरिएको मिन्स्क सम्झौताहरू फ्रान्स, जर्मनी, रूस र युक्रेनका नेताहरू (नोर्मान्डी समूह) फेब्रुअरी २०१५ मा वार्ता भएको थियो। यद्यपि यो सम्झौता अहिलेसम्म पालना भएको छैन र छिटपुट झडप जारी नै रहेको छ। मस्कोले कीभमाथि बारम्बार आरोप लगाउँदै मिन्स्क सम्झौताहरू पूरा नगरेको र द्वन्द्व समाधान गर्न वार्तामा बस्न ढिलाइ गरिरहेको बताएको छ।

रूसले युक्रेनमा आक्रमण गर्न सक्ने पश्चिमाहरूको डरका कारण युक्रेनको अवस्थाले अहिले अन्तर्राष्ट्रिय ध्यानाकर्षण गरिरहेको छ। मस्कोले भने कुनै पनि छिमेकी राष्ट्रमाथि आक्रमण गर्ने योजना नरहेको बताएको छ। रासस

घर निर्माण गर्दा निर्धारित मापदण्ड पालना गरौं, शहरको सौन्दर्यीकरणमा सहयोग गरौं।

वीरगंज महानगरपालिका


### आजको राशिफल

| | |
|---|---|
| मेष – सुसमाचार | वृष – उदरपीडा |
| मिथुन – विजय | कर्कट – धनलाभ |
| सिंह – भाग्योदय | कन्या – बेचैनी |
| तुला – मनोरञ्जन | वृश्चिक – कर्मप्राप्ति |
| धनु – प्रगति | मकर – वादविवाद |
| कुम्भ – यात्रालाभ | मीन – शत्रुपराजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे



**सूर्योदयः** पर्सा जिल्ला, महुवनमा बिहान तरकारी टिप्न जाँदै महिला। जाडोको मौसम समाप्त हुन लाग्दा यस मौसममा उब्जेका तरकारीहरू स्वास्थ्यबर्धक हुने विश्वास गरिन्छ। तस्वीरः पङ्कज श्रेष्ठ

## सोह्र जिल्लामा काङ्ग्रेसको अधिवेशन फागुन १५ गते

काठमाडौं, ५ फागुन/रासस

नेपाली काङ्ग्रेसले यही फागुन १३ गतेका लागि पूर्वनिर्धारित १६ जिल्लाको अधिवेशन फागुन १५ गते गर्ने निर्णय गरेको छ। केन्द्रीय निर्वाचन समितिको बिहीवार बसेको बैठकले पार्टीको केन्द्रीय कार्यसम्पादन समिति र पार्टी नेतृत्वबाट अनुरोध भई आए बमोजिम जिल्ला अधिवेशनको कार्यतालिका र मिति संशोधन गरिएको जनाएको हो।

यसअघि काङ्ग्रेसले अधिवेशन हुन बाँकी सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिन्धुली, सिन्धुपाल्चोक, चितवन, मकवानपुर, नवलपुर, बाँके, अछाम र कैलालीको जिल्ला अधिवेशन फागुन १३ गतेका लागि निर्धारण गरेको थियो। उल्लिखित १६ जिल्लाबाहेक अन्य जिल्लामा निर्वाचन हुन बाँकी महासमिति सदस्य पदको निर्वाचन र जिल्ला कार्यसमिति मातहतका पालिका र वडा कार्यसमितिका बाँकी निर्वाचन निर्धारित फागुन १० गतेभित्रै हुने समिति सचिव केशव रिजालले जानकारी दिए।

पार्टीको विधानको व्यवस्था र सिद्धान्तलाई आत्मसात् गर्दै पार्टीको कुनै तहको अधिवेशनमा कार्यसमितिको पदाधिकारी वा सदस्य पदमा उम्मेदवार भई पराजित भएको व्यक्ति सोही अधिवेशन अवधिमा सोभन्दा माथिल्लो वा तल्लो तहको कार्यसमितिको पदाधिकारी वा सदस्य पदमा उम्मेदवार हुन नमिल्ने निर्णयसमेत समितिले गरेको छ।

महाधिवेशन प्रतिनिधिको उम्मेदवार भई पराजित भएको क्षेत्रीय प्रतिनिधिले भने एकभन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लामा, जिल्ला कार्यसमितिको सभापतिबाहेक अन्य पद र तहको पदाधिकारी र सदस्य पदमा उम्मेदवार बन्न सक्नेछ। विधानबमोजिम प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको सभापति र प्रदेशसभा क्षेत्रीय कार्यसमितिको सभापतिले मनोनीत गर्ने बढीमा सात/सात क्षेत्रीय प्रतिनिधिले पार्टीको १४औं महाधिवेशन अन्तर्गत हुने जिल्ला अधिवेशनमा भाग लिन र जिल्ला कार्यसमितिको निर्वाचनमा मतदान गर्न नमिल्ने व्यवस्था गरिएको छ।

## अस्थायी करार शिक्षक सङ्घर्ष समिति गठन

प्रस, पोखरिया, ५ फागुन/

पोखरिया प्राविधिक विद्यालयमा भएको भेलाले छुट अस्थायी करार शिक्षक सङ्घर्ष समिति गठन गरेको छ। समितिले सबै स्थानीय तहमा सात दिनभित्र छुट अस्थायी करार शिक्षक समिति गठन गर्ने निर्णय गरेको छ।




संविधानको मौलिक हक अन्तर्गत धारा १८ समानता हक र धारा ३३ रोजगारको हक बमोजिम रोजगार सुनिश्चितता तथा एकपटकको लागि आन्तरिक परीक्षामार्फत स्थायी नियुक्ति प्रक्रियामा सहभागीका लागि स्थानीय, जिल्ला, प्रदेश र केन्द्रमा आन्दोलन गर्ने निर्णय गरेको छ। आन्दोलनका कार्यक्रमहरू सहकार्यमा गर्ने निर्णय भएको बताइएको छ।

## वीरगंजमा कपडा बैंकले थाल्यो कपडा वितरणको काम

प्रस, परवानीपुर, ५ फागुन/

वीरगंजमा पुनः कपडा बैंक सञ्चालनमा आएको छ। व्यवस्थित वीरगंज अभियान, ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र र वुमेन क्रिएशनको संयुक्त सहभागितामा विगत दुई वर्षदेखि सञ्चालनमा आएको कपडा बैंकले यस वर्ष पुनः कपडा वितरणको काम थालेको छ। कोरोना महामारीको कारण केही महीना स्वास्थ्य मापदण्ड पालना गर्नको लागि कपडा वितरणको काम स्थगित गर्नुपरेकोमा हाल अवस्था सामान्य र सहज बन्दै गएपछि गरीब, विपन्नको लागि नयाँ र पुराना कपडा वितरणको काम शुरू गरिएको छ।




बिहीवार आयोजित कार्यक्रममा जरुरी परेका सर्वसाधारण ५० जनालाई कपडा वितरण गरिएको व्यवस्थित वीरगंजका अध्यक्ष दीलिपराज कार्कीले जानकारी गराए।

बैंकले आगामी दिनमा हरेक बिहीवार साँझ ५ बजे निश्शुल्क कपडा वितरण गर्ने कार्यतालिका बनाएको छ। छठ, दीपावली, ईदलगायतका पर्वको बेला पनि यस बैंकले कपडा वितरण गर्दै आएको वुमेन क्रिएशनकी अध्यक्ष नुतन सरावगीले जानकारी गराइन्।

**निर्वाचन.........**

दल गठन भएका थिए।

मुलुकमा विसं २०१५ मा भएको पहिलोदेखि हालसम्म निर्वाचनमा भाग लिने प्रयोजनका लागि विभिन्न राजनीतिक दल आयोगमा दर्ता हुँदै आएका छन्। हाल ११९ वटा राजनीतिक दल दर्ता भई अस्तित्वमा रहेको आयोगले जनाएको छ।

नेपाल अधिराज्यको संविधान, २०१५ द्वारा नेपाली जनतालाई दल दर्ता गर्न पाउने भनी संविधानद्वारा मौलिक अधिकार प्रत्याभूत गरेको थियो। त्यसपछि विसं २०१७ मा पञ्चायती व्यवस्थाको घोषणा भई दलमाथि प्रतिबन्ध लगाइयो।

मुलुकमा प्रजातन्त्रका लागि राजनीतिक सक्रिय रही सङ्घर्ष गरेकाले २०४६ सालमा जनआन्दोलन सफल भई प्रजातन्त्र पुनर्बहाली गर्न सम्भव भएको हो।

नेपाल अधिराज्यको संविधान, २०४७ ले राजनीतिक दल दर्ता गर्न पाउने नेपाली नागरिकलाई मौलिक हकको प्रत्याभूत गऱ्यो।

सोही क्रममा राजनीतिक दललाई नियमन गर्न निर्वाचन आयोग ऐन, २०४७ निर्वाचन (कसूर र सजाय) ऐन, २०४७, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ लागू भयो।

मुलुकमा नयाँ शासन व्यवस्थाको सृजना भएपछि आवश्यकता र परिस्थिति अनुरूप निर्वाचन सञ्चालनलाई व्यवस्थित तुल्याउन, लोकतन्त्रको सुदृढीकरण गर्न दलसम्बन्धी विभिन्न कानून निर्माण गरी लागू हुँदै आएका छन्।

# एमाले वीरगंज महानगर कमिटीको बैठक




प्रस, वीरगंज, ५ फागुन/

नेकपा एमाले वीरगंज महानगर कमिटीको बैठक सम्पन्न भएको छ। विहीवार सम्पन्न बैठकले फागुन ७ गतेदेखि १४ गतेसम्म पार्टी सङ्गठनको बैठक र जनसङ्गठनहरुको निर्माण गर्ने निर्णय गरेको सचिव सुन्दर कुर्मीले बताए। उनले यो साताव्यापी अभियानमा महानगरको सबै वडामा गरिने जानकारी गराएका छन्।

यसैगरी, फागुन १४ गते पार्टी अध्यक्ष केपी शर्मा ओली आउने कार्यक्रम भव्यताका साथ सम्पन्न गर्ने निर्णय भएको उनले बताए। बैठक राजेन्द्रप्रसाद यादवको अध्यक्षतामा बसेको थियो र आगामी कार्ययोजनाबारे उपाध्यक्ष महेश दासले प्रकाश पारेका थिए।

बैठकमा जिल्ला इन्चार्ज प्रभु हजरा, केन्द्रीय सदस्य राजकुमार गुप्ता, निर्मला देवकोटा, डा विश्वम्भर शर्मा, विना शर्मालगायतको सहभागिता थियो।

# सात महीनामा एक लाख ३७ हजार गाडी आइसिपीबाट भित्रियो

प्रस, परवानीपुर, ५ फागुन/

वीरगंजको अलौंमा वीरगंज भन्सार मातहत सञ्चालित एकीकृत भन्सार जाँच चौकी (आइसिपी) भएर नेपाल भित्रिने सवारीसाधानको सङ्ख्यामा वृद्धि भएको छ।

चालू आवको पछिल्लो सात महीनामा एक लाख ३७ हजार छ सय ५२ गाडी नेपाल भित्रिएका थिए।

गत साउनदेखि माघसम्म त्यति गाडी भित्रिएको थियो भने गत आव २०७७/७८ को सोही अवधिमा जम्मा एक लाख २५ हजार गाडी भित्रिएको आइसिपी सञ्चालन गर्ने नेपाल इन्टरमोडेल यातायात विकास समिति, आइसिपी, वीरगंजका शाखा अधिकृत तर्कराज जोशीले जानकारी गराए। गत आवभन्दा चालू आवको सात महीनामा करीब १२ हजार सवारीसाधन बढी भित्रिएको उनले बताए। त्यसैगरी, वीरगंज नाकाको आइसिपी भएर चालू आवको साउनदेखि माघसम्म १६ हजार नौ सय ८२ गाडी निर्यातका वस्तु लिएर भारत गएको उनले बताए।

भारत भएर आइसिपी नाकाबाट भित्रिने सवारीसाधानमा छ हजार एक सय १० वटा नयाँ कार, आठ सय ७७ वटा नयाँ टयाक्टर, १४० वटा नयाँ बस र खाली गाडी ६६ हजार नौ सय ११ वटा आएको उनले बताए। आइसिपीमा अहिले एक हजार ६५ वटा गाडी रहेको बताइएको छ।

माघ २ गतेको तथ्याङ्क अनुसार लोडेड गाडी ५७९, नयाँ चेसिस २६३, नयाँ कार २२२, फोर्क लिफ्ट (भारी उठाउने सवारीसाधन)गरी एक हजार ६५ गाडी रहेका छन्।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | रिलिफ सोसाइटी अफ कमर्स | सम्मान | रिलिफ भवन, आदर्शनगर | १६०० |


- खेतबारी तथा उर्वर भूमि बाँझो नराखौं।
- भूमिको अधिकतम उपयोग गरौं।
- कृषिलाई आत्मनिर्भर मात्र होइन व्यावसायिक बनाऔं।
- भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी
- अर्थतन्त्रमा टेवा पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## नक्कली नोटसहित चारजना पक्राउ

काठमाडौं, ५ फागुन/रासस

काठमाडौं महानगरपालिका–१६ नयाँ बजार मेडिकल चोकबाट रु एक हजार दरका २९४ थान नक्कली नेपाली नोटसहित चारजना पक्राउ परेका छन्।

राजधानीको नयाँ बजारमा बसोबास गर्दै आएका रौतहट, गौर नगरपालिका–१२ का पृथ्वीप्रसाद साह र वडा नं ९ निवासी महमदसम्साद आलम, राजपुर नगरपालिका–३ का मोहम्मद मुसरफ अली र सोही नगरपालिका–६ का असरफ अली सइदलाई नक्कली नोटसहित बुधवार पक्राउ गरी आज बिहीवार काठमाडौं जिल्ला अदालतबाट हिरासतमा राखेर थप अनुसन्धानको अनुमति लिइएको महानगरीय अपराध महाशाखाले जनाएको छ।

### जन्तेको..........

भएपछि जन्तीले प्रहरीलाई खबर नगरी जन्तेहरूले बिआर२२जिए३४७० नम्बरको गाडीमा राखेर भारत लैजाने क्रममा भिस्वा प्रहरीले चेकजाँच गर्दा वकील मृत भेटिएको थियो। त्यसपछि प्रहरीले सो गाडीमा सवार ११ जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको प्रहरी निरीक्षक दीपक थापाले जानकारी गराए। मृतकका छोरा पिन्टुलाई पनि प्रहरीले पक्राउ गरेको थियो तर शल्यपरीक्षणमा परिवारका सदस्य आवश्यक भएकोले छोरालगायत तीनजनालाई छोडेको छ।

शल्यपरीक्षणपछि घटनाबारे सार्वजनिक गर्ने र मृतक वकीलको जीउमा कुनै चोटपटक नलागेका तथा अत्यधिक मदिरासेवनबाट वकीलको मृत्यु भएको हुन सक्ने प्रनि थापाले बताए।

### महानगरद्वारा....

केन्द्र सञ्चालनमा ल्याएपछि बहस शुरू भएको थियो। नगरप्रमुख सरावगीले सामान्य फोहरसरह मेडिकल फोहरलाई व्यवस्थापन नगरी तोकिएको ठाउँमा फोहर विसर्जन गर्न अस्पतालहरूलाई आग्रह गरेका छन्। उनले अस्पताल, मेडिकलहरूलाई फोहर विसर्जन गर्न छुट्टै डस्टबिनको प्रयोग गर्न र तोकिएको स्थानमा मात्रै सोलाई विसर्जन गर्नका लागि राखिदिन आग्रह गरेका छन्।




# खेलकूदको संसार

## ज्ञानदामा महिला बक्स क्रिकेट लिग सम्पन्न

प्रस, वीरगंज, ५ फागुन/

ज्ञानदा एकेडमीले बिहीवार वीरगंजमा अखिल महिला बक्स क्रिकेट लिग प्रतियोगिता सम्पन्न गरेको छ। सिल्भर होक, स्वीफ्ट स्प्यारो, सुगर इगल्स, पिङ्क फ्लामिङगोज, गोल्डेन पेलिकान्स गरी पाँचवटा समूहबीच क्रिकेट प्रतियोगिता गरिएको थियो। प्रतियोगितामा आरजु देवकोटा, नीलम चौधरी, मुस्कान समानी, प्रिया चौधरी, पूनम चौधरी र एन्जल चौधरी सहभागी गोल्डेन पेलिकान्स प्रथम तथा सुपर इगल्स द्वितीय भएका थिए।




प्रतियोगितामा बेस्ट बलर अर्पणा पटवारी, बेस्ट ब्याट्स वुम्यान सुलेखा हरलालका र प्लेयर अफ द सिरिज मुस्कान समानी भएका थिए।

प्रतियोगिता समापन कार्यक्रमको अध्यक्षता प्रधानाध्यापक डा सिबी जदलीले गरेका थिए भने प्रतियोगिता सञ्चालनमा आकृति थापा, आर्या प्रियदर्शनी, ऐश्वर्या वर्णवाल, रामविनय जयसवाल, प्रवीण नर्जरी, कुश सापकोटा, हीरालाल यादवलगायतले सहयोग गरेका थिए।

## विश्वकप ग्लोबल छनोट : नेपालले ओमानसँग खेल्ने

काठमाडौं, ५ फागुन/रासस

आइसिसी पुरुष टी–२० विश्वकप ग्लोबल छनोट अन्तर्गत समूह 'ए'को खेल भोलि शुक्रवारदेखि ओमानमा हुने भएको छ। ओमानको एकेडेमी १ मा हुने खेलमा नेपालले विजयी लक्ष्य हासिल गर्ने उद्देश्यका साथ शुक्रवार ओमानको सामना गर्नेछ। विश्वकप ग्लोबल छनोटको तयारीस्वरूप नेपालले यसअघि चार देश सम्मिलित टी–ट्वान्टी सिरिज खेलेको थियो। यसमा नेपालले ओमानलाई छ विकेटले पराजित गरेको थियो।




सोही सिरिजको अन्य खेलमा संयुक्त अरब इरिमेटसँग (युएई) २५ रन र आयरल्यान्डसँग १६ रनले पराजित भएको थियो।

त्यसअघि नेपालले ओमानसँग टी–ट्वान्टीमा पछिल्लोपटक सन् २०१९ मा खेलेको थियो। जसमा ओमानले नेपाललाई छ विकेटले पराजित गरेको थियो।

विश्वकप ग्लोबल छनोट अन्तर्गत समूह 'ए' मा विभिन्न आठ राष्ट्र सहभागी छन्।

जसमा आयोजक ओमानसहित नेपाल, बहराइन, क्यानडा, जर्मनी, आयरल्यान्ड, फिलिपिन्स र संयुक्त अरब इमिरेट्स (युएई) छन्।

ती आठ टोलीलाई पनि दुई समूहमा विभाजन गरिएको छ। समूह १ मा नेपाल, क्यानडा, फिलिपिन्स र ओमान छन् भने समूह दुईमा युएई, बहराइन, आयरल्यान्ड र जर्मनी रहेका छन्।

प्रतियोगिता फाइनल पुग्ने दुई टोलीले आगामी अक्टोबर १६ देखि नोभेम्बर १३ सम्म अस्ट्रेलियामा हुने टी–२० विश्वकपमा स्थान बनाउनेछन्।

नेपाली टोलीमा सन्दीप लामिछाने (कप्तान), कुशल भुर्तेल, आशिफ शेख, दीपेन्द्रसिंह ऐरी, ज्ञानेन्द्र मल्ल, शरद भेषवाकर, आरिफ शेख, जीतेन्द्र मुखिया, अभिनाश बोहरा, कमलसिंह ऐरी, विवेक यादव, सागर ढकाल, लोकेश बम र गुलशन झा छन्। वैकल्पिकमा भने कुशल मल्ल, साहब आलम र प्रदीप ऐरी छन्।


मधेस प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन
वीरगंज, पर्सा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०७८/११/०६ गते

यस कार्यालयले विभिन्न निर्माण कार्यका लागि मिति २०७८/०९/२१ गतेको प्रतीक दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरूमाथि कारबाई हुँदा यस कार्यालयको निर्णय अनुसार देहाय अनुसारका बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सिनं | विवरण | कामको विवरण | छनोट भएका बोलपत्रदाता | स्वीकृत रकम (मूअकबाहेक) |
|---|---|---|---|---|
| 1. | GWBRJ/05-2078-079 | Construction of Pump House and Overhead Tank, Supply & Installation of Submersible Motor-Pump with all accessories, and Errection of 11KV transmission line for a DTW irrigation system, Feta Gaupalika-4,Batara,Bara | Anmol NirmanSewa | 2,117,586.00 |
| 2. | GWBRJ 07/2078-79 Parsagadhi | Construction of Deep Tubewell at Parsagadhi Deep Tubewell Irrigation System, Parsa | Aasha Construction | 1,342,250.00 |
| 3. | GWBRJ 09/2078-79 Birgunj-28 | Construction of Deep Tubewell at Birgunj Municipality 28 Deep Tubewell Irrigation System, Parsa | Aasha Construction | 1,329,760.00 |
| 4. | GWBRJ 10/2078-79 Simraungadh | Construction of Deep Tubewell at Simraugadh-10 DewapurTeta Deep Tubewell Irrigation System, Bara | Aasha Construction | 1,329,760.00 |